म.क्षे.हु.नि.द.नं. ०७/०६७/६८

# आध्यात्मिक सन्देश

शरद्पूर्णिमा विशेषाङ्क

दर्ता नं. ५६-०६२/६३

वर्ष २०, (पूर्णाङ्क १८८) E-mail: info@ssdham.org / media@ssdham.org / Website : www.divineclubworldwide.org २०८१





# राधा गोविन्द गीत

रसिकशिरोमणि जगद्‌गुरु **श्री कृपालु जी महाराजले** पूर्ण सनातन ब्रह्म श्री राधाकृष्णका दिव्य नाम, रूप, लीला, गुण, धाम सम्बन्धी मधुरातिमधुर संकीर्तन काव्यहरूद्वारा जनजनलाई धन्यधन्य तुल्याउनुभएको छ। उहाँद्वारा प्रणीत अनेकानेक कृतिहरूमध्ये **राधा गोविन्द गीत** नामक ग्रन्थका केही दोहावलीहरू यस अङ्कमा प्रकाशित गरिएको छ। भगवान् नामको महात्म्यले युक्त निम्न दोहाहरू वेदशास्त्रलगायत पूर्ववर्ति रसिक सन्तहरूका मतानुसार छन् । सरल ढङ्गमा प्रस्तुत गरिएका सिद्धान्तहरूका व्याख्या निकै नै मार्मिक छन्। आगामी अङ्कहरूमा पनि क्रमैसँग यस प्रकार अनमोल रत्नहरू प्रकाशित गरिने छ।

गोपिन मुकुटमनि गोविन्द राधे ।
भानुनंदिनी राधा रानी बता दे ॥

श्यामधाम नन्दगाम गोविन्द राधे ।
श्यामा जू को धाम बरसानो बता दे ॥

दिव्य धाम ब्रजधाम गोविन्द राधे ।
कृष्णप्रेम बिनु सोउ धाम लाभ ना दे ॥

मन रह वृन्दावन गोविन्द राधे ।
प्राणधन रह घनश्याम बता दे ॥

सोइ जीवन धनि गोविन्द राधे ।
तन मन धन घनश्याम में लगा दे ॥

# सम्पादकीय

परम प्रेम रससिन्धु युगल सरकार श्री राधाकृष्णका असीम अनुकम्पा र अकारण करुणाले गर्दा "विश्वको प्रत्येक जीवले केवल आनन्द प्राप्तिको लागि नै प्रयत्न गर्दछ र त्यो आनन्द भनेको नै भगवान् हुन्" भन्ने कुरा हामीले हाम्रा परमाराध्य गुरुदेव जगद्गुरुत्तम श्री कृपालु जी महाराजका दिव्य प्रवचन वाणीहरु र सत्संग साधनादिबाट गहन रुपले जान्ने सु-अवसर पायौं ।

यिनै आनन्दकन्द भगवान् श्रीकृष्णले आधिकारिक जीवहरुको कल्याण गर्न प्रेमदान दिनको लागि श्रीराधारानीको विशेष कृपाबाट शरदपूर्णिमाको रात्रीमा दिव्य रासलीला रच्नु भई आफ्नो बासुँरीको मधुर धुनले ती सबै जीवहरुलाई रासमा बोलाउनु भयो र उपस्थित सबैले रास रसस्वादन गरी कृतार्थ भए । सोही पावन दिन यस वर्ष हामी समक्ष आएको छ । यस शुभ पावन दिनको उपलक्ष्यमा सम्पूर्ण भगवद् प्रेमी जनमा "शरद्पूर्णिमा पावन पर्वको मङ्गलमय, भक्तिमय शुभकामना समर्पण गर्दछौं ।"

हाम्रो सनातन धर्ममा वर्षको प्रत्येक दिन नै कुनै न कुनै पर्व विशेषको हुन्छ, किन कि यहाँ नै भगवान्का सबै अवतारहरु भए र अनन्तानन्त महापुरुष पनि हाम्रै यहाँ आउनु भयो त्यसै कारण यहाँ पर्व नै पर्व हुन्छन् तर भगवद्भक्ति तथा निष्काम भगवद् सेवा प्रेमी मध्ये पनि अति विशेष रुपले जगद्गुरुत्तम श्री कृपालु जी महाराजको प्रेम रस सिद्धान्त अनुगत साधकहरुका लागि भने यो शरद्पूर्णिमा भए जतिका पर्वहरुमध्ये सर्वोत्कृष्ट पर्व हो । यसै पर्वको दिन हाम्रा गुरुवर पनि भारतको उत्तर प्रदेश स्थित पवित्र मनगढ धाममा अवतरण हुनु भएको थियो ।

जीवले खोजेको तर मनुष्य चोलामा भएको वखत मात्र प्राप्त गर्न सक्ने आनन्द र त्यो आनन्द प्राप्त गर्नको लागि उपयुक्त ज्ञान दिलाउने गुरु अवतरण भएको यो दिन अति विशेष छ । यसै दिनलाई रास पूर्णिमा, कोजाग्रत पूर्णिमाका रुपमा पनि मनाइने प्रचलन पनि छ ।

यो पूर्णिमाका दिन अवतरण भई जीव कल्याणको लागि हाम्रा गुरुवरले जे जति अथक र अनवरत प्रयास गर्नु भई हामीलाई जुन गुन लगाउनु भएको छ त्यसबाट उऋण हुन नसके पनि यस पावन पर्वको बेलामा गुरुवर को श्रीवृद्धि होस् भन्ने मङ्गल कामना सहित हरिगुरुका कोमल चरणमा वन्दना गर्दै, गुरु निर्दिष्ट सिद्धान्तको अनुशरण गर्दै अघि बढ्न र यो मानव देह सफल पार्न सबैलाई अभिप्रेरणा प्राप्त होस् र गुरुको यश, कीर्ति सारा संसारभरि फैलियोस् भन्ने भावनाले युक्त भई पुनः भक्तिभावमय शुभकामना अर्पण गर्दछौं ।

सम्पादक : सम्पादक मण्डल

# रास, रास, महारास





'रस' शब्दबाट बनेको छ 'रास' । **'रसानां समूहो रासः'** । रस नै अनन्त मात्राको हुन्छ अनि दिव्यानन्दमा सबै भन्दा माथिल्लो कक्षाको रस, समर्थारतिवालाको हुन्छ, त्यसको बारेमा के पो भन्न सकिन्छ । त्यस रसको पनि जुन समूह हो त्यसलाई रास भनिन्छ । भगवान्‌को एउटा नाम हो रस – **'रसो वै सः'** त्यसैको पर्यायवाची हो, **'आनन्दो ब्रह्मेति व्यजानात्'** । तर रसमा पनि अनेक कक्षाहरु हुन्छन् यसकारण वेद पुनः भन्छ – **'स एव रसनां रसतमः परमः'** पहिले त भन्यो 'रसो वै सः' । त्यो रस हो, ठीक छ । तर त्यो परम् रसतम् पनि हो । रस ब्रह्मानन्दवालाले पनि पाइसके, यसकारण उनीहरु भन्दछन् **'रसो वै सः'**। आनन्द पाइसकेका छन् उनीहरुले । तर जसले महारास प्राप्त गरे, उनीहरु **'रसो वै सः'** देखि सन्तुष्ट छैनन् अनि उनीहरुका लागि वेदको ऋचाले भने **'स एव रसानां रसतमः परमः'** । त्यही ब्रह्म जप रसरुप छ, आनन्द रुप छ, त्यही रसको समूह, एउटा तम् प्रत्यय हुन्छ संस्कृतमा त्यसको मतलब हुन्छ सर्वोच्च रस । **गुह्य, गुह्यतर, गुह्यतम्** । त्यसकारण तम् जहाँ आयो त्यसको मतलब हुन्छ सर्वोच्च रस । त्यसभन्दा अगाडि अब केही पनि छैन । जस्तै पुरुषोत्तम् । पुरुष जीव पनि हो, पुरुष ब्रह्म पनि हो, पुरुष सबै अवतारहरु पनि हो, तर श्रीकृष्ण पुरुषोत्तम् हुन्, उत्तम अर्थात् अन्तिम । उच्चमा तम् प्रत्यय भयो । उत् उँचाईमा, तम् सर्वश्रेष्ठ – सर्वोच्च । यो हो रासको अर्थ । आनन्दमा पनि अनेक स्तर छन् । जस्तै मायाको क्षेत्रमा अनेक स्तर छन् – तमोगुण, रजोगुण, सत्वगुण । त्यस्तै आनन्दको क्षेत्रमा पनि अनेक स्तर छन् – जस्तै ज्ञानीहरुको ब्रह्मानन्द । त्यो आनन्द अनन्त मात्राको हुन्छ, दिव्य हुन्छ, सदाको लागि हुन्छ । तर यो सबैभन्दा निम्न कक्षाको आनन्द हुन्छ । आनन्द र निम्न कक्षा यी दुई विरोधी कुराहरु छन् । यद्दपि आनन्द अनन्त मात्राको हुन्छ, अनिर्वचनीय हुन्छ, शब्दहरुमा यसको निरुपण गर्न सकिन्न, ईश्वरीय आनन्दको । न कसैले कल्पना गर्न सक्छ मन–बुद्धिले । इन्द्रिय, मन, बुद्धिको गति त्यहाँ छैन । त्यो भूमा हो । तथापि आनन्दको जतिवटा स्तर छन् तिनमा सबैभन्दा निम्न स्तर हो ज्ञानीहरुको ब्रह्मानन्द । निर्गुण, निर्विशेष, निराकार ब्रह्मानन्द । त्यसपछि पुनः सगुण, साकारको आनन्द प्रारम्भ हुन्छ । त्यसमा पनि अनेक स्तर हरु हुन्छन् । शान्त भावको प्रेमानन्द, त्यसभन्दा माथि दास्य भावको प्रेमानन्द, त्यसभन्दा माथि सख्य भावको प्रेमानन्द, त्यस भन्दा बढी सरस वात्सल्य भावको प्रेमानन्द, त्यसभन्दा पनि सरस माधुर्य भावको प्रेमानन्द । माधुर्य भावमा पनि तिन वटा स्तरहरु छन् । सकाम माधुर्य भावको प्रेमानन्दको स्तर तिनवटैमा सबै भन्दा निम्न कक्षाको हुन्छ । त्यसलाई साधारणी रति को प्रेमानन्द भनिन्छ र समञ्जसा रतिको प्रेमानन्द त्यसभन्दा उच्चकक्षाको हुन्छ र समर्था रतिको आनन्द सर्वोच्च कक्षाको हुन्छ । समर्था रतिको प्रेमानन्द जसले प्राप्त गर्छन्, सिद्ध महापुरुषहरु मध्ये पनि अरबौं–खरबौं मा कुनै एक जनालाई प्राप्त हुन्छ । त्यस रसलाई महारास भनिन्छ ।

जगद्‌गुरु श्री कृपालु जी महाराज
(साभार : "प्रश्नोत्तरी" पुस्तकबाट)


# वातावरणको प्रभाव

दिनमा केयौं पटक यस्तो हुन्छ कि तपाईंले जस्तो वातावरण पाउनुहुन्छ त्यसै अनुरूप तपाईंको मनोवृति पनि बदलिदै जान्छ । कहिले त यस्तो विचार आउँछ कि थाहा छैन कहिले आफ्नो टिकट काटिने हो, छिटो छिटो साधना गरिहाल्नु पर्छ । संसारले आफैं त छोड्दैन, तर संसारले समातिराखेको पनि त छैन, म स्वयं नै यसमा गएर पिसिने अवस्थामा पुगिरहेको छु ।

कहिले यस्तो विचार आउँछ, हैन, गरिहालुँला नि, हतार के को छ र, समय जति पनि छ, के को हतार छ । अझै फलानो फलानो संसारको कामहरू (ड्यूटी) गर्नु पनि त छ । बेलुकी सम्म गरूँला, भोलि गरूँला, इत्यादि । कुनै कुनै बेला यो बिचार पनि पैदा हुन्छ - अरे यार ! खाऊँ, पिऊँ मोज गरौं, चार दिनको जिन्दगी छ, अगाडि कसले पो देखेको छ, भगवान् वगवान् त बिग्रेको मगजको  उपज हो । खै थाहा छैन उसले मोज गर्नुको के अर्थ बुझेको छ । अरे मोज गर्न त महापुरुषले पनि चाहन्छन् ।

अस्तु, यी सबै अन्तरङ्ग गुण-वृतिहरुको दैनिक परिवर्तनशील अनुभव हो जसलाई यहाँहरुले राम्रो गरी बुझ्नु भएकै छ । अब यो हेरौं कि उपर्युक्त रीतिले आफ्ने मनोवृतिहरु कसरी बदलिन्छन् । कुनै क्षणमा मानी लिउँ कि तपाईंको मनोवृति यो भयो कि जाउँ, केही साधना गरिहालौं । यत्तिकैमा रजोगुण वा तमोगुण आदिको वातावरण पाइयो, अर्थात् स्त्री पुत्रादिसँग आशक्तिवर्धक कुनै विषयमा संलग्न भइयो भने हाम्रो मनोवृति ती गुणहरुको वातावरण पाएर पुनः बदलिन पुग्यो अनि हामी तत्क्षण साधनाबाट च्युत हुन पुग्छौं । यी सबै अन्तरङ्ग त्रिगुण र बहिरङ्ग सामग्रीको महिमा हो ।

साभारः "आत्मरक्षा" पुस्तकबाट
जगद्गुरु श्री कृपालु जी महाराज






## प्रेम रस मदिरा

**श्री राधा बाल लीला माधुरी**

भइँ कुँवरी भूप वृषभान के।
थिरकत चले झुंड ग्वालन अरु, झुण्ड सबै वनितान के।
भई भीर वृषभानु भूप घर, शोर बधाइन गान के।
कोउ कछु कहत न कोउ कछु पूछत, बंद सबै पट भान के।
कीरति मातु लुटावति दोउ कर, थार भरे मोतियान के।
पै 'कृपालु' सब भानुकुँवरि के, भूखे दर्शन–दान के ॥

**भावार्थः-**


आज श्रीवृषभानु महाराजको घरमा श्रीराधाजीको जन्म भएको छ। यस उपलक्ष्यमा नाचगानसहितका ग्वालाहरुका समूहका साथमा नृत्य गर्दै गर्दै गोपिनीहरुको समूहसमेत आएकाले वृषभानु राजाको महलमा ठुलो भीड लागिरहेको छ। चारैतिर बधाईगीतको हर्षध्वनि सुनिइरहेको छ। सम्पूर्ण व्रजवासी प्रेमबिभोर भएका छन्। न कोही कुरा गरिरहेका छन् न त कोही कसैसँग केही सोधिरहेकै छन्। सबै व्रजवासी आफ्नै धुनमा मग्न छन्। कीर्ति मैया हीरामोती आदि रत्नहरु थालीबाट दुवै हातले लुटाइरहेकी छिन् तैपनि श्री कृपालु जी भन्नुहुन्छ - लुट्नेवाला कोही छैन। उपस्थित सबै जनताहरु वृषभानुनन्दिनी श्रीराधाजीको दर्शन गर्न मात्रै खोजिरहेका छन्।







भक्ति - पात्रो, दैनिक प्रार्थना नेपाली अनुवाद एवं प्रेम रस संकीर्तन पुस्तक श्यामा श्याम धाम, ठिमी, भक्तपुर पुस्तक स्टलमा उपलब्ध छ।



# अति निर्धक्क नबन



शुकदेव परमहंसले तीन किसिमका मात्र भक्ति बताउनु भएको छ - **'श्रोतव्योः'** श्रवण गर।

**श्रोतव्यः कीर्तितव्यश्च स्मर्तव्यश्चेच्छताभयम्।**
(भागवत २.१.५)

कीर्तन र **'स्मर्तव्यश्चेताभयम्'** स्मरण। यही तीन भक्ति मैले पनि तपाईंलाई बताउने गरेको छु। तपाईंहरु जुन प्रवचन सुन्नु हुन्छ - श्रीकृष्ण को हुन्, हामी को हौं, हाम्रो श्रीकृष्णसँग के लिनु दिनु छ, हामी के चाहन्छौं, त्यो कहाँ पाइन्छ, हामी को हौं, कताबाट आएका हौं, यो संसार के हो ? यी तमाम ज्ञान एकदम, एकदम आवश्यक छ। यसको बिना गाडी नै हिंड्दैन। जसरी खाना सधैं खानु हुन्छ, रोटी, दाल, भात, तरकारी खानुहुन्छ, त्यो पकाउने विधि तपाईंलाई थाहा हुनुपर्छ तब पो पकाउनु हुन्छ, नत्र भने खिरमा नुन हालिदिनु होला। सबै जे पायो त्यही गरिदिनु होला, पागल जस्तो। जहाँ पनि संसारी कुराहरुमा सिद्धान्तको ज्ञान सबै भन्दा बढी आवश्यक हुन्छ र भगवान्‌को विषय त परोक्ष छ। त्यो त झन् आवश्यक हुन्छ।


**सिद्धान्त बलिया चित्ते न कर आलस।**

महाप्रभुजीले भन्नु भएको छ - सिद्धान्त ज्ञानमा अल्छी गर्न हुँदैन। एउटा कुरा अरु कि जब तपाईंहरु सुन्नु हुन्छ कुनै विषय, यदि ध्यानले सुन्नु भयो भने त महसुस गर्नु हुन्छ अँ बुझें, समझमा आयो। तर फेरि गल्ती यो गर्नु हुन्छ यो अति निर्धक्क हुने जुन तपाईंभित्र पैदा हुन्छ, अब चिन्तनको आवश्यकता छैन, सबै बुझिहालियो। आउने मात्र होइन फेरि गइहाल्छ। यसका लागि वेदान्तले एउटा सूत्र बनाइ दिएको छ - आवृत्तिरसकृदुपदेशात्। (ब्रह्म. सू. ४.१.१) पटक पटक आवृत्ति को अर्थ हो यो श्रवण भक्ति पटक पटक सुन र चिन्तन गर, तब पक्का हुन्छ। अनेक जन्मबाट बिग्रिएको मन छ, बुद्धि छ। फेरि संसारमा गइहाल्छ र ती कुराहरु बिर्सी हाल्छ। हेर, बोधो बुद्धिले सोच कि हाम्रो देशमा उनान्सय प्रतिशत व्यक्तिले यो सुन्छन्, पढ्छन् र भन्छन् कि मलाई के पो थाहा छ र ? भगवान् सबैको हृदयमा बस्छन् र सर्वव्यापक पनि छन् ? तर व्यवहारमा मान्नेवला कति छन् ? हाम्रे देशमा एक अरबको जनसंख्यामध्ये एक सय जना पनि भेटिन गाह्रो छ। तपाईं भन्न सक्नु हुन्छ म त महसुस गर्छु।

तर कति बेर ? चौबिस घण्टा तपाई महसुस गर्नु हुन्छ म पुरुष हुँ, म स्त्री हुँ। कुनै शङ्का छ र ? होइन कुरो त पक्का हो। र पुरुष मात्र होइन म पञ्जाबी हुँ, म बंगाली हुँ, मद्रासी हुँ सबै को पक्का ज्ञान हर समय रहन्छ। त्यसो भए यो ज्ञान हर समय किन रहन्न कि श्यामसुन्दर हाम्रो हृदयमा बस्नु भएको छ। हामी गोप्यता बन्द गरौं। म जे सोचिरहेको छु, कसैलाई थाहा छैन। मेरो छेउमा श्रीमती बसिरहेकी छिन्, उसैको बिरुद्धमा सोचिरहे को छु, मेरो छेउमै गुरुजी बसिरहनु भएको छ, उहाँ के बिरुद्धमा सोचिरहेको छु। यो के हो ? यसलाई नास्तिकता भन्दछन्। र त्यसमाथि यो कि म हमेशा मान्दछु कि उनी म भित्र बसेका छन्। यदि भित्र बसेका छन् भने चोरी किन ? कसैप्रति एटैचमेन्ट, कसैप्रति दुश्मनी, कसैप्रति दुर्भावना यो सबै किन ? कुनै पाप किन ? होइन भने कमसेकम यो डर त रहने थियो कि त्यो भगवान्ले नोट गरिहाल्नु हुन्छ। नोट मात्र होइन न्यायाधीश पनि उहाँ नै हो, दण्ड पनि दिनु हुन्छ। फेरि हामी कृपा चाहन्छौं उनको अनि त्यो कसरी पाउन सकिन्छ ?

हेर! तिमीले जो प्रति दुर्भावना राखेका छौ त्यसमा पनि त भगवान् हुनुहुन्छ ? होइन र। त्यो भगवान् जो ऊ भित्र हुनुहुन्छ उनले हेरि रहेका छन् कि तिमीले दुर्भावना गरीरहेका छौ। एउटै त मन छ त्यसमा चाहे भगवान्लाई ल्याऊ चाहे दुर्भावनालाई ल्याऊ। पटक पटक सुन्नु, पटक पटक चिन्तन गर्नु, पटक पटकको चिन्तनमा यो कमाल छ कि भगवत्प्राप्ति गर वा आत्महत्या गर। केवल चिन्तनमा यो शक्ति छ। एउटा बच्चा हाईस्कूलमा फेल भयो। म मरे भने राम्रो होला, मर्नु पर्‍यो, म कसरी मरुँ, जहर त मलाई थाहा छैन कहाँबाट ल्याउने ? रेलमा काटिएर मरुँ कि तर त्यसमा डर लाग्छ, पानीमा डुब्दा हुन्छ कि ? उसले लगातार सोचिरहेको छ, त्यो मर्ने छ, बच्न सक्तैन।







हजारौं बच्चाहरु फेल भएका छन्, सबै हाँसिरहेका छन्। ए फेरि पढिहाल्ने छु। यो किन मर्न गएछ ? चिन्तन, चिन्तन, लगातार चिन्तन। एक अर्कालाई प्रेम गरेर केटा र केटी जहर खएर मरेका छन्। सधैं यस्ता घटनाहरु भइरहन्छन्, किन ? चिन्तनका कारण। चाहे प्रेम होस्, चाहे घृणा जसको चिन्तन गर्छौ ऊ तिमी भित्र आइ हाल्छ, सबै ठाउँमा ऊ देखिन्छ।
यसकारण गुरु को उपदेशलाई पटक पटक चिन्तन गर्नु पर्छ। यो निर्धक्कपना न आओस् कि म सबै जान्दछु। सबै थाहा छ ? सबै जान्दछु यो त्यो दिन भन्नु जब एक सेकेण्ड पनि बिर्सने छैनौ कि उनी (भगवान्) मेरो हृदयमा बसेका छन्। त्यस दिन बोल्नु। त्यसभन्दा पहिले सबै गलत हुन्छ, धोखा हुन्छ। आफुले आफैलाई धोखा दिइ रहेका छौ, अरुलाई होइन। मरिसकेपछि सबै थाहा पाउने छौ जब तिम्रो कर्महरुको बहीखाता निस्कन्छ, तिमीले छलकपट गर्‍यौ भनेर।

जगद्गुरु श्री कृपालु जी महाराज

(साभार : "बार बार पढो, सुनो, समझो" पुस्तकबाट)

# एकान्त साधना




हामीलाई मन ईश्वरमा लगाउनका लागि बाहिरी बाधक तत्त्वलाई हटाउनु छ । यसकारण हामी एकान्त कोठामा बसेर साधना गर्दछौं ।

**"विविक्त सेवी लघु भाषी"**

यसकारण यो शास्त्रमा लेखिएको छ कि एकान्तमा बसेर साधना गर । पछि त्यही एकान्तको साधनाले कर्मयोगमा काम दिन्छ । जस्तै तपाईंहरु फिजिकल ड्रिल (शारीरिक व्यायाम) गर्नु हुन्छ । व्यायाम गर्नु हुन्छ १० - १५ मिनट, आधा घन्टा, जो समझदार हुन्छन् उनिहरुले प्रतिदिन गर्दछन् । त्यसै गरी यसलाई पनि आत्माको व्यायाम सम्झिनु पर्दछ । यो ईश्वरको उपासना पनि एकान्तमा नै हुन्छ । एकान्तको अर्थ हो केवल स्वयं गर्नु । तपाईंले आगोमा दुधलाई तताउनु हुन्छ । दुधलाई यदि पानीमा हाल्यौं भने पानी त्यसमा मिल्दछ (घोलिन्छ) तर यदि दुधलाई एकान्तमा जमाइदिनुस्, त्यसको दही बनाउनुस्, मख्खन निकाल्नुस् , अब यस मख्खनलाई पानीमा हाल्नुस्, अब केही हुँदैन । अब पानी लाई चैलेन्ज गर्नुस् । हेर्नुस् तिमी हमेशा मेरो ईज्जतलाई खराब गर्थ्यौ, दुधलाई फ्याकिदिन्थे, पानी मिसिएको छ भनेर, तिमी मिल्थ्यौ र मेरो अपमान हुन्थ्यो तर अब पानी महाराज, तिमी अब आफ्नोमा मलाई मिलाउन सक्तैनौ, म अब मख्खन बनिसकेको छु, लगातार तिम्रो टाउकोमा तैरी रहन्छु । अब म तिमीमा मिल्न सक्तिन । यसप्रकार यदि हाम्रो मन एकान्तमा, कर्म सन्यासको रुपमा लगेर जमायौं भने र त्यसपछि यदि हामीले कर्म गर्‍यौ भने संसार हामीमाथि हावी हुन सक्तैन । त्यसपछि त हामीले चैलेन्ज गर्न सक्छौं ।

**"भरतहिं होइ न राज मद, विधी हरि हर पद पाय ।"**

हेर, एउटा धुरी हुन्छ बैलगाडीमा, टांगामा, रथमा एक फ( लामको धुरी हुन्छ र एउटा चक्का हुन्छ । धुरी स्थिर रहन्छ र चक्का हिंड्छ यदि धुरी हिंड्न लाग्यो भने चक्का हिंड्दैन । गाडी खडा रहन्छ । त्यसै प्रकार यदि हाम्रो मन भगवान्मा फिट भयो र बाहिरी ईन्द्रियहरुको काम भइरह्यो भने हाम्रो कतै एटैचमेन्ट (अनुराग) हुने सम्भावना नै रहदैन । त्यसपछि हामी निष्कटक (निर्विघ्न तवरले) आरामले सबै कार्य गर्दै जानेछौं र हाम्रो कर्मयोग बन्दछ । हामी १० - २० जनामा जसरी आशक्ति राखेर बाँकी अन्यमा एक्टिङ गर्दछौं, त्यसै प्रकारले हामी सर्वत्र एक्टिङ गर्यौं भने हाम्रो मनको लगाव भगवान्मा बनी राख्दछ । तर यदि हामी एकान्तमा मनलाई जमाउँदैनौं भने त्यो दुधसरि संसाररुपी

पानीमा मिल्दछ। संसारमा बगेर जानेछ, फेरि हामीबाट कर्मयोग हुन सक्ने छैन।

जसरी कटहर काट्छन स्त्रीहरु, त्यसभन्दा अघि हातमा तेल लगाउँछन्। यसरी कटहरको दुधको प्रभाव पर्दैन। तर नबुझ्ने स्त्रीहरु तेल नलगाएर नै कटहर काट्दछन् र पछि हातलाई साबुनले रगडिन्छन्। साबुन खर्च त हुन्छ तर कटहरको दुध छुट्दैन, यसै प्रकार यदि हामीले आफ्नो मन को लगाव भगवान्मा गर्‍यौं भने कुनै गडबड यस्तो छैन जसले हामीलाई बाँध्न सकोस् किनभने गडबड गर्नेवाला मन नै त हो अरु के हो र ?

यस्तो छ कि सुरुमै तपाई सिद्ध त बन्न सक्नु हुन्न, पहिले तपाईँलाई एकदमै सावधान रहनु पर्छ संसारसँग पनि। यसकारण यस वाह्रय जगत्‌बाट, संसारबाट तपाईँलाई सावधान रहनु छ। यो होइन कि तपाईँ एक घण्टा, दुई घण्टा कर्म सन्यासी बन्नु भयो र सम्झिनु भयो कि म त विदेह बनी सकेँ। हामी लाई हमेशा सावधान रहनु छ, तर जति प्रतिशत मन तपाईँको जम्न थाल्छ त्यति प्रतिशत सुविधा हुन थाल्छ। त्यति परिश्रम तपाईँलाई कम गर्नु पर्ने हुन्छ। जब सुरु सुरुमा स्यानो बिरुवा तपाईँ लगाउनुहुन्छ त्यसलाई बडो मेहनतका साथ हेरचाह गर्नु पर्छ। त्यसलाई तपाईँ सिचाई गर्नु हुन्छ, घाम न लागोस् भनेर त्यसको माथि छायाँ गर्नु हुन्छ , चिसो नलागोस्, बाख्राले नखाओस् भनी। तर जब त्यो ठुलो हुन्छ, अब त त्यसमा हात्ती बाँधे पनि हुन्छ, त्यसकारण शुरु शुरुमा सावधान भएर अघि बढनु पर्छ। पछि तपाईँले चैलेन्ज गर्न सक्नु हुन्छ, कुनै डर छैन।


**चन्दन विष व्यापे नहीं, लपटे रह भुजंग।**

चन्दनको बृक्षमा सर्प लपेटिएर बस्छ तर चन्दनको वृक्ष विषयुक्त हुँदैन।

तपाईँ साईकल चलाउनु हुन्छ। सिकारुलाई कति बुद्धि लगाउनु पर्छ - अगाडि हेर, हेण्डिल सम्हाल, गोडा पनि चलाऊ, तैपनि लड्छौ। तर जब एक्सपर्ट (सिपालु) हुन्छौं त हेण्डिल छोडेर चलाउँछौं। मृत्युलाई निम्ता दिइराखेका छौ, हात छोडेर। यतिकै छोडेको हो। यतिकै किन र ? हात त दुईवटै छ, त्यसमा (हेण्डिलमा) राखिहाल न। होइन मलाई खासै वास्ता छैन। तर पनि खतरा त हुनसक्छ। सडकमा सावधान भएर हिँड्दछन् तर पनि दुर्घटना भइहाल्छ, यिनले त हात छाडेर साईकल चलाइराखेका छन्। तर केटाकेटीहरु विनोदप्रीय हुन्छन् , चञ्चल हुन्छन्, उनीहरु त्यतिकै हात छाडेर साईकल चलाउँदछन्। तर सुरू सुरुमा एकदमै सावधानीपूर्वक चलाउनु पर्दछ। यसकारण पहिले तपाईँले यो नसोच्नुस कि जसरी ठुला महापुरुषहरु भयङ्कर जगत्‌मा पनि आफ्नो व्यक्तित्त्व बनाएर राख्दछन्, यसरी नै हामी पनि राख्ने छौँ। अहिले त फू फू गरेर नै पाइला राख्नु छ।

यसकारण कर्मयोगको साधनाको साथसाथै केही समय एकान्तमा साधना गर्न परम आवश्यक छ। एकान्त साधनाको अभ्यासले कर्मयोगको साधना आफै हुन लाग्छ।

जगद्‌गुरु श्री कृपालु जी महाराज
(साभार : “आत्मनिरिक्षण” पुस्तकबाट)



# जगद्गुरु अमृतवाणी



त्यो ज्ञान अज्ञान हो, जसबाट इश्वरप्रेम हुदैंन ।

इन्द्रियहरु होऊन वा नहोऊन मन नै प्रमुख हो, मनले नै साधना भक्ति गर्नुछ ।

मानव देह पाएर पनि यदि ईश्वरलाई जानिएन भने फेरि पनि चौरासी लाख प्रकारका योनिहरुको चक्कर लगाउनु पर्ने हुन्छ ।

व्यर्थका संसारिक झै-झगड़ाहरुमा आफ्नो अमूल्य समय नष्ट नगर, आफुलाई भगवान्मा नै लीन गरिदेऊ ।

संसारलाई व्यवहारबाट खरिद गर्न सकिन्छ र भगवान्लाई प्रेमबाट ।


हामीहरु आफु स्वयंलाई अरुले राम्रो भनिदेओस् भन्ने प्रयत्न गर्दछौं यो कुरा महान् पतनकारी हो ।

# आवृत्तिरसकृदुपदेशात्

वेद, गीता, रामायण यदि कुनै व्यक्तिले न्यूट्रल (कुनै पूर्वाग्रह नराखी) भएर यी ग्रन्थहरुलाई पढ्यो भने यो पाउँछ कि यति ठुलो ग्रन्थ बनाउन आवश्यकता नै थिएन । सबै विचित्र किसिमका व्यक्ति छन्, यति ठुलो पुस्तक बनाइदिए । एकलाख श्लोकको ग्रन्थ महाभारत आज पनि छ । एक लाख श्लोकको कुरालाई कुनै पनि विद्वान्ले १०० श्लोकमा राख्न सक्छ । निरर्थक एकलाख श्लोक लेखेछन् । के निरर्थक छ त्यसमा ? निरर्थक यो छ कि एउटै कुरालाई २५ पटक लेखिएको छ, ५० पटक लेखिएको छ, १०० पटक लेखिएको छ हरेक ग्रन्थमा, भागवत होस्, रामायण होस्, गीता होस्, वेद होस् । एउटा प्वाएन्टलाई जस्तै आत्मा नित्य छ यस एक कुरालाई हजारौं वेद मन्त्रहरुमा , सैकडौ गीता श्लोकहरुमा, सैकडौ चौपाइहरुमा बार बार लेखिएको छ । अब कसैले यो सोधोस् कि यिनीहरुको दिमाग खराब छ कि के हो ? यो त दोष हो । पटक पटक कुनै कुरालाई दोहऱ्याउनु यसको मतलब कि उनीहरुको मेमोरी (स्मृति) एकदमै खराब थियो, एउटा कुरा लेखे अनि बिर्से फेरि दोहऱ्याएर लेखे, फेरि बिर्से, तेस्रो पटक लेखे, यस्तो किन ? होइन, बिर्सेको होइन । यसकारण पटक पटक लेखे कि मस्तिष्कमा यो कुरा बसी हालोस् । यसको लागि एक ब्रह्मसूत्र बनाइयो :

**आवृत्तिरसकृदुपदेशात्** (ब्रह्मसूत्र ४.१.१) हेर उपदेश पटक पटक सुन, पटक पटक सुन ।

यसमा दुई कुराहरु छन्, पटक पटक सुन्दा एउटा त पक्का हुन्छ । किनभने श्रोतव्यः मन्तव्यः यो सूत्र भन्दछ सुनी सकेपछि त्यसको मनन गर, अर्थात् मनले चिन्तनलाई दोहऱ्याऊ । त्यो त हामी गर्दैनौं, टाइम छैन, वास्ता छैन । पटक पटक सुन्दा त्यति समय त त्यसको चिन्तन हुन्छ । एउटा त यो प्रत्यक्ष लाभ हुन्छ पटक पटक सुन्दा । अर्को एउटा महत्त्वपूर्ण कुरा हामी जुन समय सुन्दछौं शास्त्र वेदका उपदेश (हेर्नोस् मेरो एक एक शब्दमा ध्यान दिनु होला एकदमै सावधान भएर) । तपाईंहरु यो सम्झिनु हुन्छ कि मैले सबै बुझिरहेको छु तर मलाई लाग्दैन कि तपाईंले सबै कुरा बुझिरहनु भएको छ, यही तपाईं र मेरो बिचमा झगडा छ । हो, अब मलाई कन्फ्युजन (शंकाउपशंका) होला कि त्यो कुरा अलग छ । ओभर कन्फिडेन्स (चाहिने भन्दा बढी आत्मविश्वास) नराम्रो हो । (एक एक शब्दमा ध्यान दिनुस् ।)



अर्को प्वाएन्ट यो हो कि हामी जुन बेला महापुरुषको उपदेश सुन्छौं त्यस समय हाम्रो चित्तवृत्ति जुन किसिमको हुन्छ त्यसै प्रकारले हामी उपदेश लाई ग्रहण गर्दछौं । यदि त्यसबेला हाम्रो श्रद्धा, हाम्रो रुचि ५० प्रतिशत छ भने त्यो उपदेशले ५० प्रतिशत काम गर्छ । यदि ८० प्रतिशत छ भने ८० प्रतिशत लाभ पाइन्छ र यदि सेन्टपरसेन्ट (शतप्रतिशत) हाम्रो श्रद्धा त्यस समयमा छ भने एउटै उपदेशले हामी पार भइ हाल्छौं, हाम्रो काम बनी हाल्छ । इतिहासमा तपाईंले पढ्नु भएको होला वाल्मीकी कति ठुलो पापी थियो । उसको गुरुजीले भने राम भन राम राम राम । ज्ञानवान् त तिमीले के पो गर्छौ र, खाली मुखले बोल 'राम राम राम ।' उसले राम बोल्न सकेन । आज पाँच अरब मानिसमा यस्तो कुनै मनुष्य छ र ? असम्भव, या त लाटो होला उसले राम त के काम पनि बोल्न सक्तै न ग्राम पनि बोल्न सक्तैन । यदि कसैले क ख ग घ बोल्न सक्छ भने त्यस्तो कुरा के होला कि राम बोल्न नसक्ने ? र यदि यो भन्छौ कि 'रा' र 'म' बोल्दा घाँटीमा कुनै दोष होला, त्यो कुरा पनि होइन किनभने 'मरा' त बोलिरहेको छ । 'रा' र 'म' यी दुई अक्षरको उच्चारण त गरिरहेको छ । तर उल्टो गर्न सक्छ, सोझो गर्न सक्तैन । यो पाप हो, त्यसको कारण । घाँटीको दोष होइन, बुद्धिको दोष होइन । नर्मल (सामान्य) मनुष्य हो । तर ध्यान दिनुस् जब गुरुले उपदेश दिए कि तिमीले मेरो आज्ञा मान्छौ ? हस् गुरु जी, मैले संसारमा के रहेछ हेरें । मैले मेरो श्रीमती र बच्चाहरुलाई सोधें कि मैले यति हत्याहरु गरेको छु तिमीहरुको पेट पाल्नका लागि तिमीहरु मेरो पापमा सहभागी हुन्छौ ? सबैले जवाफ दिए हामी पापमा सहभागी हुँदैनौं । तिमीले विवाहको समयमा प्रतिज्ञा गरेका थिएनौ कि मैले हत्या गरेर तिमीहरुको पेट पाल्नेछु । सबैजना स्वार्थी छन्, यो जुन वैराग्य उत्पन्न भयो उसलाई र त्यस वैराग्यले जुन श्रद्धा उत्पन्न भयो त्यो उच्च स्तरको थियो, एकदमै शक्तिशाली थियो, यसकारण जब गुरुजीले उपदेश दिए तिमी मरा मरा भनी राख जब सम्म म फर्केर नआऊँ । ठिक छ गुरु जी , यो मरा मरा किन भनूँ ? यो सोधेन । हजुर कतिबेला फर्केर आउनु हुन्छ ? यो पनि सोधेन, न मनमा सोच्यो । यति धेरै श्रद्धा । यो हो वास्तवमा सुन्नु हो, यसलाई सुन्नु भनिन्छ, कुनबेला हाम्रो चित्तवृत्तिको भोक कति हुन्छ, हामीले थाहा पाउन सक्तैनौं । यदि हामी पटक पटक सुन्दै रहन्छौं भने के थाहा कुन बेला हाम्रो चित्तवृत्ति राम्रो श्रेणीको होस् र राम्रो श्रेणीको चित्तवृत्तिमा त्यो उपदेश पर्‍यो भने जसरी कुनै बिउ गहुँको वा चनाको राम्रो माटो मा उब्जाउ माटोमा पर्‍यो, मलजल राम्रो पर्‍यो भने तीन चार दिनमा अङ्कुर पैदा हुन्छ र यदि त्यही बिउ बन्जर जमीनमा हाल्यौं भने त्यो बिउनै नष्ट भइ हाल्छ । त्यसमा अङ्कुर पैदा हुँदैन -

**मलिनचेतस्युपदेशप्ररोहोक्जबत् ॥ (दर्शनशास्त्र)**

हाम्रो शास्त्रले भन्दछन् कि त्यसमा फेरि उपदेशको प्रोह अर्थात् अङ्कुर पैदा हुँदैन । हाम्रो चित्तवृत्ति परिवर्तनशील छ, पटक पटक बदली रहन्छ, यसकारण पटक पटक हामीले सुन्यौं भने के ठेगान कुन समयको सुनाइले कति काम गरिदिन्छ ।

निकै पुरानो कुरा हो म आफ्नो जीवनका कुरा बताउँदै छु, लगभग ४५ वर्ष पहिलेको कुरा हो । म मथुरामा एकजना जज (न्यायधीश) कहाँ बसेको थिए डेम्पियर नगरमा । जज साब श्रीकृष्णको बडो भक्त हुनहुन्थ्यो । उनीकहाँ म कहिलेकाहीं बस्ने गर्दथें । उनका आफ्नो सहोदर भाइ कलेक्टर थिए । एक पटक संयोग यस्तो भयो कि कलेक्टर साब पनि त्यहीं आइपुगे । ती कलेक्टर साब प्रकाण्ड विरोधी । दुई भाइमा यति ठुलो अन्तर थियो । सन्तको नाम सुन्यो कि उनी आगो हुने गर्दथे । बाबा, सन्त, महात्मा, साधु यी शब्द उनको कानमा नपरोस् । सबै ढोंगी हुन्छन्, बदमास हुन्छन्, लोफर हुन्छन्, यति धेरै गाली गर्ने गर्दथे । तर यी जज साब जेठा दाजु थिए, रिटायर (सेवा निवृत्त) भइसकेका थिए । उनीकहाँ अचानक आइपुगे र म त्यहाँ पहिले देखिने थिए, अब उनले के गरुन् ? बडो चटक मटकका साथ भित्रबाट रिसले भरिएर भन्न थाले यो के दाइ पनि बाबाहरुको चक्करमा पर्नु भएको छ । त्यस समय मेरो उमेर नै कति थियो र ? र कुनै बाबाको ड्रेस पनि थिएन । जगद्गुरु पनि भएको थिइन । कपाल आदि पनि थिएन, जस्तो तपाईंहरु लुगा लगाउनु हुन्छ त्यस्तै पोशाक लगाउने गर्दथें । यस्तै अनेक अचम्मका व्यवहार गर्ने गर्दथें, तपाईंहरुले सुन्नु भयो भने बिचार गर्न सक्नु हुन्छ । कुनै नियम सयम केही पनि थिएन । खाने बेला पचासौं रोटी खाइदिन्थें, न खाँदा दस दस दिनसम्म नखाएरै बस्थें । सबै अनौठो व्यवहार थियो मेरो । र आफ्नो हातले पनि नखाने, जसले जति ख्वाइदियो, मुखमा हालिदियो त्यति नै खायो बस् । एउटा कपडा पनि हुन्थेन लगाउनका लागि मसँग । तपाईंकहाँ गए तपाईंको लुगा लगायो । धोती छैन भने पाइजामा लगायो, नत्र भने लेडिज धोती पनि लगाइ दिन्थें । यस्तो अवस्था थियो मेरो ।

ती कलेक्टर साब बार्दलीमा घुमिरहेका थिए रिसको झोंकमा । म यस्तै प्राईवेट केही बोलिरहेको थिएँ । २५ / ३० जना थिए, केही सम्झाई रहेको थिएँ। उनको कानमा मैले बोलेको कुरा परिरहेको थियो। सुनिरहेका थिए, बिस्तारै बिस्तारै उनको रिस कम हुँदै गइरहेको थियो र उनलाई यो फिलिङ भयो कि यिनले कुरा त निकै गहन गर्दा रहेछन् । उमेर त खासै धेरै छैन तर कुरा त निकै योग्यताका गर्दैछन् । अनि एकछिन यसो उभिएर सुन्न थाले। यस्तो मौका परेछ कि म दुइ अढाइ घन्टासम्म बोलेको बोल्यै भए।

त्यस समयमा मेरो बोल्नु पनि यस्तै हुने गर्दथ्यो। एक दिन त म बेलुकी ८ बजे बोल्न सुरु गरेँ भोलिपल्ट ४ बजे बिहानसम्म बोलेको बोल्यै भएँ। सबै सुतेछन्, म आँखा चिम्लेर बोल्ने गर्दथेँ त्यस बेला। को गयो ? को सुत्यो ? वा सबै हिँडे, मलाई त्योदेखि मतलब थिएन। आँखा बन्द गरेर बोलिरहन्थेँ, बहुलाहा जस्तो। सन् १९५५मा चित्रकुट सम्मेलन भए पछि आँखा खोलेर बोल्न सुरु गरेँ मैले।

त्यसपछि कीर्तन आदि भयो केही बेर, १२ बजे राती सबैजना जान लागे अनि सबैले प्रणाम गरे जसरी सबै सत्संगीहरु गर्दछन्। अनि कलेक्टर साब पनि आए सबैभन्दा पछि प्रणाम गर्न। म उनीतिर विशेष गरी हेरिरहेको थिएँ। किनभने जज साबले मलाई बताएका थिए यो यस्तो खालको छ कि बडो रिसाएर कुरा गर्दछ। राक्षस जस्तो छ। मेरो भाइ हो, के गरुँ ? जब उनले मेरो चरण छुन लागे हँसी मजाकमा मैले पहिले उनको चरण छोइ हालेँ। भन्न थाले हैन स्वामीजी मलाई किन नर्कमा धकेल्न थाल्नु भएको, हजुर त त्यागी हुनुहुन्छ। मैले भने हेर भाइ म त्यागी कसरी भएँ तिमीले भने जस्तो। मैले के पो छोडेको छु र, संसार र संसारका सबै वस्तु त सबैले एक दिन छोड्नै पर्छ। यदि तिमी त्यसै त्यागी बन्दैनौ भने जबर्जस्ती यमराजले त्यागी बनाउनेछ। अनि सबैले त्यागी त बन्नै पर्छ। विश्वमा को यस्तो छ जसले यो भनोस् कि म संसार को त्याग गर्दिन भनेर। तर तपाईँको कमाल यो छ कि तपाईँले भगवान्लाई समेत त्यागिदिनु भएको छ। त्यो कुन बल छ तपाईँको कि जसको बलमा तपाईँले भगवान्लाई पनि त्यागिदिनु भयो ? मैले भगवान्को अवलम्बका लागि संसारको त्याग गरिदिएँ यसकारण कि जसलाई त्याग्नु नै छ जसरी भनिएको छ -

**अन्तहुँ तोही तजेंगे पामर तू न तजे अबहीं ते।**
**मन पछतैहें अवसर बिते।**

महात्माहरुको वाक्य छ अरे छाड्नु नै छ त्यो त। सोझो तरिकाले न छोडे बाङ्गो तरिकाले त छोडनै पर्छ एक दिन। ठुला ठुला आए सिकन्दर आदि तपाईँले नाम सुन्नु भएकै होला धेरै लुटमार गरे तर जानु सबैलाई छ, छोड्नु सबैलाई छ। शरीरलाई समेत छोड्नु छ बाहिरी चिजलाई त के भन्ने। मेरो हँसी मजाकको वाक्यले यति असर गर्‍यो कि ऊ ममाथि यसरी लड्यो जसरी कि कसैले पछारेको होस् उसलाई। र जोड जोडले रुन लाग्यो। भन्नुको तत्पर्य यो कि ऊ जज साबभन्दा पनि अगाडि बढ्यो। अब हेर्नुस् यो त्यही व्यक्ति हो , तर आज उसको चित्तवृत्तिमा यस उपदेशको यति धेरै प्रभाव पर्न गयो।

पटक पटक सुन्दाखेरी यो हाम्रो मनमा कुन बेला कति मात्रामा यसको महत्त्व रियलाईज (महसुस) गर्छ यो प्रमुख कुरा हो। हाम्रो घरमा धेरै कुराहरु हुन्छन् आमा, बुवा, स्त्री, पति बिचमा, कसैले केही कुरा भनिदियो सबै जना हाँसी दिन्छन् र कहिले काहीँ त्यस्तै कुरा सुनेर यस्तो मनमा लाग्छ कि हृदयमा बज्रपात जस्तो नै हुन्छ त्यसको चिन्तन गर्छौं र त्यसको विरोध गर्छौं। फेरि के के पो गर्दैनौं। मैले कतिपय आत्महत्याको कुरा सुनेको छु। प्रत्यक्ष रुपमा उसको घरका मानिसहरुको कुरा सुनेर आश्चर्य हुन्छ, उसले आत्महत्या किन गरेछ ? त्यस्तो केही कुरा होइन स्यानो कुरा भएको थियो बस उसले गरिहालेछ। उसले चिन्तन गरेर यस्तो ठुलो अवस्थामा पुगेछ कि संसारबाट नै आफुलाई समाप्त गरेछ।

यसकारण उपदेश पटक पटक सुनी राख्नु पर्छ थाहा हुँदैन कुन बेला हाम्रो त्यो आधार, हाम्रो त्यो भाँडो, हाम्रो त्यो खेत राम्रो होस् र त्यस समय त्यो बिउ जमोस् र अङ्कुर पैदा भइहालोस् र हाम्रो काम बनी हालोस्। समय समय को कुरा हो। यसकारण शास्त्र वेद भन्छन् "**आवृत्तिरसकृदुपदे** शात्"। पटक पटक सुन यदि तिमीले मनले पनि सुनेका छौ भने, यो मान कि मैले ठिक ठिक सुनिन यसकारण फेरि सुन।

यसरी कैयौं प्रकारको सुनाइ भयो हैन र ? एउटा त कानले सुन्यौ। धेरै न पढेलेखेकाहरु र हमेशा सत्संग गर्नेहरु तपाईँले भेट्नु हुनेछ। कुनै बाबाजी आए। चाहे भगवान्लाई गाली गरुन् चाहे भगवान्को प्रशंसा गरुन् चाहे निराकार मार्गी होस् चाहे साकार मार्गी होस् , कुनै वाद वादी होस्। त्यहाँ हरिकुञ्जमा लेक्चर हुन्छ म सँधै त्यहाँ जाने गर्दछु। कसले बोली रहेको छ ? के बोलिरहेको छ ? त्यससँग कुनै मतलब छैन। कानमा पर्छ, कान पवित्र भइरहेको छ। सन्तको दर्शन गर्न गइरहेको छु , आँखा पवित्र भइरहेको छ र तीर्थहरु तिर गइरहेको छु गोडा पवित्र भइरहेको छ। यी सबै पवित्र भइरहेका छन् , मन जहाँको त्यहीं छ यस्ता भोलाभाला मानिसहरु छन्। यसप्रकार सुन्नु त घोर मूर्खता नै हो।

अर्को सुन्नु त त्यो हो जसमा मनले सुन्यौ र मान्यौ तर त्यतिबेर जतिबेर सुन्छौ, त्यसपछि 'तर' लगाइदियौ। यो कुरा त एकदम ठिक बोल्दछन् बडो तत्त्वज्ञान छ, सरस्वती सिद्ध छ यिनलाई यस्तो लाग्दछ भगवान्ले बोलिरहेका हुन्, 'तर' यस्तो छ कि सुन्नु त ठिकै छ आफुलाई गर्नु यो छ।

एउटा सुन्नु यो छ कि जस अनुसार हामी प्राक्टिकल हिड्छौं । तर स्पिड (गति) कम हुन्छ । अब त्यसमा हजारौं क्लासहरु हुन्छन् । जब हाम्रो अन्तःकरण ठिक ठिक त्यस समयमा होस् र उपदेश पनि त्यही समय हामीलाई मिलोस् अनि हाम्रो काम बनिहाल्छ । यसकारण हामीलाई तबसम्म सुन्नु पर्छ जबसम्म हाम्रो काम नबनीहालोस्, तबसम्म तपाईंले एक क्षण पनि यो नसोच्नुस् कि मलाई त सबै थाहा नै छ । जान्नुको अर्थ यो हुन्छ कि त्यो ज्ञान सदा मसँग रहोस् । विस्मरण नहोस् । जसरी तपाईंले आफुलाई जान्नु हुन्छ, के जान्नु हुन्छ ? यही त म हुँ । म त्यही हुँ जो हिजो बम्बईमा थिए त्यो मितिमा । त्यही म हुँ जो जबलपुर गएको थिएँ । त्यही म हुँ जो हिजो सत्संग भवनमा थिएँ । त्यही म हुँ जो हिजो राति सुतेको थिएँ यति बजे, त्यही म, हर समय 'म' को फिलिङ हुन्छ निरन्तर । त्यसै प्रकार तपाईंलाई यदि फिलिङ होस् तत्त्वज्ञानको, गुरु ज्ञान को, सदा साथ रहोस् , तब सम्झिनु कि तपाईंले त्यस उपदेशलाई सही सही सुन्नु भयो र मान्नु भयो र केही समयको लागि सुन्नु भयो र मान्नु भयो फेरि त्यसलाई बिर्सिनु भयो, फेरि कहाँ मान्नु भयो ? त्यसलाई त मानिसले पागल भन्दछन् यो अलि विचित्र ढङ्गको पागल रहेछ ।

एक पटक नेहरु (भारतका पूर्व प्रधानमन्त्री) कारागारमा गए । एउटा पागलहरुको ईन्चार्ज बनाइएको थियो, उ अलि कम पागल थियो । उसलाई नेहरुले सोधे तिम्रो नाम ? नाम भन्यो । कति पढेलेखेका छौ ? उसले बतायो । तिम्रा बुवा आमा कहाँ छन् । त्यो पनि बतायो । जेलरलाई भने यसलाई किन बन्द गरेका छौ, यो त बिलकुल ठिक छ । यसलाई किन जेलमा यो पागलखानामा बन्द गरेका छौ । जेलरले जवाफ दिए अलिकति गडबड छ हजुर । जेलरलाई त्यो पागलले सोध्यो उहाँ को हुनुहुन्छ ? नेहरुलाई सोध्यो तपाई को हुनुहुन्छ ? नेहरुले भने म पण्डित नेहरु हुँ । ए हो र ? यहाँ एकजना रोगी छ आफुलाई गाँधी भन्छ । जेलर साब यसलाई पनि त्यही राख्नुस्, यिनले आफुलाई नेहरु भन्छन् । अनि जेलरले भन्यो सुन्नु भयो, यो यस्तै छ ठिक रहन्छ ठिक रहन्छ अनि फेरि एकाएक पागल भइहाल्छ । फेरि ठिक हुन्छ फेरि पागल भइहाल्छ । यस्तै हामी पनि पागल सरी नै छौं । गुरुजी बडो कृपालु हुनुहुन्छ, बडो दयालु हुनुहुन्छ, मैले त सबै थोक पाएँ, बडो भगवत्कृपा अनि फेरि आफ्नो संसार आयो सबै बिर्स्यो । यसैप्रकार उपदेश सुन्नेहरुको पनि अनेक स्तर छ ।

जगद्गुरु श्री कृपालु जी महाराज
(साभार : "बार बार पढो, सुनो, समझो" पुस्तकबाट)



जानकारी :
प्रत्येक शनिबार बिहान ८:३० बजेदेखि बेलुका ४:०० बजेसम्म श्यामा श्याम धाम, ठिमीमा जगद्गुरु श्री कृपालु जी महाराजद्वारा निर्देशित भक्ति-साधनाको क्रियात्मक अभ्यास गरिन्छ ।

जगद्गुरु श्री कृपालु जी महाराजसँग साधकहरूले राखेका जिज्ञासा एवं तिनका समाधानको नेपाली रूपान्तरण

# प्रश्नोत्तर–१७०

जिज्ञासा: धेरै व्यक्तिले भक्ति गर्छन् तर उनीहरूले भगवत्प्राप्ति गर्न किन सकिरहेका हुँदैनन् भन्ने जिज्ञासाको समाधान आचार्यवर यसप्रकार गर्नुहुन्छ– तिनीहरू केवल इन्द्रियहरूबाट भक्ति गर्छन् मनबाट गर्दैनन्। जसरी हात, गोडा बाँधिएको व्यक्ति खेल्न सक्दैन र शून्यमा जतिले गुणा गरे पनि शून्य नै आउँछ त्यसैगरी जबसम्म मनबाटै भक्ति गर्दिँदै न तबसम्म अनन्त साधना गरे पनि भगवत्प्राप्ति हुन सक्तैन।



# कृपाको मूर्ति राधारानी



मूर्ति एक चिजको हुन्छ । फलामको मूर्ति पनि हुन्छ, काठको मूर्ति पनि हुन्छ, माटोको मूर्ति पनि हुन्छ, ढुङ्गाको मूर्ति पनि हुन्छ, सुनको मूर्ति पनि हुन्छ, चाँदीको मूर्ति पनि हुन्छ। तमाम पदार्थहरुबाट मूर्ति बन्छ, तर मूर्तिमा के हुन्छ ? जुन चिजबाट मूर्ति बनेको हुन्छ, त्यही चिज भित्र बाहिर चारैतिर हुन्छ, जस्तै ढुङ्गाको मूर्ति हुन्छ त्यो भित्र पनि ढुङ्गा बाहिर पनि ढुङ्गासबै एउटा ढुङ्गाबाट बनेको हुन्छ । त्यसमा अरु कुनै चिजको मिसावट हुँदैन, कि ढुङ्गाभित्र फलाम मिसिएको, काठ मिसिएको। यस्तो केही पनि हुँदैन। ढुङ्गाको मूर्तिमा भित्र बाहिर तल माथि सर्वत्र त्यसको हात गोडा मुख नाक कान आँखा सबै ढुङ्गाकै हुन्छ, त्यसलाई ढुङ्गाको मूर्ति भनिन्छ।

तपाईंको शरीर पञ्च महाभूतको तर तपाईंको शरीरभित्र जुन तपाईं हुनुहुन्छ जीवात्मा, त्यो दिव्य छ, भगवान्को अंश हो, यो अन्तर भयो । यसकारण जब त्यो भित्रवाला गयो, तब यो शरीर गल्दछ, सड्छ, अनि यसलाई जलाइन्छ। होइन किन पो जलाइदिन्छन् आफ्नो बुवालाई, आफ्नो छोरालाई, आफ्नो पतिलाई आफ्नै हातले। यसकारण कि त्योभित्र रहेको चिज गयो। हामी सबै जतिजना पनि शरीरवाला छौं यसमा आत्मा अलग छ शरीर अलग छ, तर किशोरी जीको शरीर पनि त्यही तत्त्वले बनेको छ जुन तत्त्व स्वयं किशोरी जी हुनहुन्छ अर्थात् सत्, चित्, आनन्द ब्रह्म हो, सत् चित् आनन्द स्वरुपभित्र किशोरी जी हुनुहुन्छ र सत् चित् आनन्द उहाँको शरीर पनि हो ।

**देहदेहीभिदा चैव नेश्वरे विद्दते क्वचित् । (पद्म पुराण)**

देह र देहीमा कुनै भेद हुँदैन, यसकारण उहाँ मूर्ति हुनुहुन्छ। जसरी ढुङ्गाको मूर्तिमा भित्र बाहिर सबै एक हुन्छ, त्यसै गरी किशोरी जी कृपाको मूर्ति हुनहुन्छ, अर्थात् भित्र बाहिर केवल कृपा नै छ । उहाँले कृपा बाहेक अन्य केही गर्नै सक्नुहुन्न । हामी त हेर्नोस् कति भाग्यमानी छौं, चाहे कसैमाथि कृपा गरौं चाहे लाठोले हिर्काऊँ, हत्या गरिदिऊँ, चाहे उदासीन भइदिऊँ, तर किशोरी जी त केवल कृपा मात्र गर्नु हुन्छ र गर्नै पर्छ । यदि उहाँले भन्नु होस् म गर्दिन मेरो ईच्छा । होइन यो गर्न सक्नु हुन्न । हेर्नोस्, भगवान् वा महापुरुषहरुको कुनै काम हुँदैन र महापुरुषको बारेमा हेरौं। उनले हमेशा कर्म गरिरहेका छन् र राम्रो नराम्रो कर्मको फल भोगिरहेका हुन्छन् अनन्त जन्महरुमा। तर जब भगवत्प्राप्ति गरिसकेपछि, महापुरुष भइसकेपछि उनको पनि कुनै काम रहँदैन । पूर्ण हुनुभयो अब । तर सबै काम गरी रहेका हुन्छन् , ईतिहासमा लेखिएको छ। करोडौं वर्ष राज्य गरे प्रह्लादले, ध्रुवले, अम्बरिषले, ठुला ठुला महापुरुषले र विवाह पनि गरे, बाल बच्चाहरु पनि भए, लडाई झगडा पनि गरे,

मारपिट पनि गरे अर्जुन आदिले। यी सबै मायिक कार्यहरु गरे जबकि महापुरुषले केही गर्न हुँदैन। आखिर किन ? कसैको पनि लक्ष्य हो आनन्द प्राप्ति। पूर्ण भइसकेपछि उनको कुनै उद्देश्य नै रहेन अनि कर्म किन गर्ने ?

**यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।**
**आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥** (गीता ३-१७)

उनले पनि कर्म गर्दछन्, भगवान् अवतार लिएर आउँछन् भने दिन रात कर्म गरिरहेका हुन्छन् । एघार हजार वर्षका लागि राम आएका थिए, हाम्रो यसै संसारमा बसे , सैकडौं वर्ष श्रीकृष्ण बसे र महापुरुष त यहाँ हमेशा भगवत्प्राप्ति पछि पनि बसे र सबै कर्म गरे, कामको, क्रोधको, लोभको, मोहको, ईर्ष्याको, द्वेषको सबै नाटक गरे तर ती सबै योगमायाको कर्म थियो । यसकारण पाप पूण्यले उनलाई छुन सक्तैनन् किनभने उनको मनको एटेचमेन्ट त्यस कर्ममा छैन, उनले जीव कल्याणका लागि मात्र कर्म गर्छन्। श्रीकृष्णले कसैलाई मारे, हत्या गरे - अघासुर, बकासुर, पूतना लगायत तमाम राक्षसहरुको, तर भयो के त ? कृपा। सबै गोलोक गए। अर्थात् उनले कृपा बाहेक अरु केही पनि गर्ने सक्तैनन्। मारे भने पनि कृपा, प्रेम गरे भने पनि कृपा। हामीलाई दण्ड दिए, ८४ लाखमा घुमाइरहेका छन् , यो पनि कृपा । यसकारण कि हामी होसमा आऊँ र भगवान्को शरणमा जाऊँ, उनको प्रतिकूल सोचेर नामापराध नकमाऊँ । यी सबै अपराधबाट बच्नका लागि ८४ लाखको जेल बनाएका छन्, कि यसमा सबै जीव, मनुष्य सावधान भइहालून्।

भगवान् तथा महापुरुष केवल कृपा गर्न सक्छन् , किनभने अरु काम त स्वयं जीवले नै गर्न सक्छन् जसमा राग द्वेष होस्। मनुष्य भने मायाबद्ध भएको हुनाले कतै एटेचमेन्ट छ कतै दुश्मनी छ। यी राग-द्वेष दुवै यस्ता चिज छन् जसद्वारा सबै बिरामी पैदा हुन्छ। तर भगवान् राग-द्वेष रहित छन् -


**समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः**
**ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ॥**
**(गीता ९-२९)**

भगवान् भन्नु हुन्छ, न मेरो कोही दुश्मन छ, न प्रिय छ। यसै गरी महापुरुषको न कोही दुश्मन छ, न कोही प्रिय छ। तर उनी कृपाको मूर्ति हुन्, उनले जे गर्छन्, त्यो कृपा नै हुन्छ। हाम्रो बुझाइमा आउँदैन, अज्ञानी छौं हामी।



हेर, एउटी आमाले बच्चालाई अँगालोमा राख्छिन् , चुम्छिन्, हो यो प्रेम हो, कृपा हो ? हो अवश्य नै। आफ्नो दुध ख्वाउँछिन्, आफु कमजोर भएता पनि। तर झापड पनि लगाउँछिन्। यो के हो ? यो पनि कृपा नै हो। बच्चाले कुनै गलत काम सिक्यो, झूटो बोल्न सिक्यो, कुनै पनि नराम्रो बानी उसमा आउन थाल्यो भने आमाले झापड लगाउँछिन्, बाउले झापड लगाउँछन्, किन ? यसकारण कि मेरो बच्चा राम्रो चरित्रको बनोस्, भगवान् तर्फ लागोस्, यसकारण दण्ड दिए। यस दण्डमा पनि कृपा छ। संसारी आमामा त देख्यौं, भगवान् र महापुरुष त कृपा मात्र गर्छन् । यिनले के गर्छन् र। तर हाम्रो संसारमा पनि आमाले आफ्नो बच्चासँग प्रेम पनि गर्छिन्, कुट्छिन् पनि यी दुई विरोधी कार्य गर्छिन्। दुवैको उद्देश्य हो कृपा।
किशोरी जी त कृपाको मूर्ति नै हुनुहुन्छ भित्र वा बाहिर वा केही नगरुन् । उनलाई पाउन केही बाँकि छ र उनले केही गरुन्। कुनै पनि कर्म गरिन्छ केही पाउनका लागि र जसलाई केही पाउनु नै छैन उसले किन कर्म गर्छन् र ? के आवश्यकता छ र। त्यसै प्रकार ठाकुर जीलाई वा किशोरी जीलाई कुनै पनि प्राप्तव्य लक्ष्य छैन यसकारण कुनै पनि कर्म गर्ने प्रश्न नै छैन। तर पनि गर्छन्, अरुलाई मालामाल गर्नका लागि। अरुलाई परमानन्द दिनका लागि, उसको अज्ञान हटाउनका लागि । उसको संसारी एटेचमेन्ट हटाएर आफुमा एटेचमेन्ट गराउनका लागि। अर्थात् उनको लक्ष्य केवल कृपा मात्र हुन्छ अरु केही हुँदैन।

जगद्गुरु श्री कृपालु जी महाराज
(साभार : "गुरु कृपा" पुस्तकबाट)



हाम्रो गुरुवरको जीव कल्याण गर्ने अहर्निश प्रयास अन्तर्गत उहाँले साधकहरुले आफ्ना हरेक इन्द्रियहरुद्वारा श्रीकृष्णको नै सेवन,स्मरण गरुन् र सदा सर्वदा भगवन्नाममा नै निमग्न रहन सकून्, प्रत्येक समयको हरेक क्रियाकलापमा श्रीश्यामाश्यामका नै चिन्तन मनन गर्न सकून भन्ने ध्येयले धाममा तयार हुने भोजन सामग्रीको नाम पनि भगवन्नामबाट नै दिनुभयो । जब साधक जन भोजन गर्न लाइनमा बस्थे तब भोजन पस्कने साधकहरुले निम्नानुसारका साङ्केतिक भाषा वा शब्द प्रयोग गर्दथे ।

जगद्गुरु श्री कृपालु जी महाराजले दिनुभएको भोजनादिका नामहरु यस प्रकार रहेका छन् :

**राधे राधे - रोटी**

**गौरहरि - खाना**

**श्यामसुन्दर - सब्जी**

**दामोदर - दाल**

**युगलसरकार - खिचडी**

**पीताम्बर - कढी**

**रंगीली राधे - कचौरी**

**रसिले श्याम - रसदार सब्जी**

**मधुर मधुर - मिठाइ**

**गौरस - दूध**

**श्याम रस - चिया**

**नटखट - अचार**

**नन्दलाल - नून**

**पुतना - खुर्सानी**

**यमुना - पानी**

यसमा श्री महाराजजीको आज्ञा नै थियो कि भोजन पस्कने र भोजन गर्ने यी सबैले भोजनका यिनै नामको उच्चारण गर्नु र यी नामहरुको प्रयोग गर्नु । साधकहरुले खुब आनन्दका साथ यी भोज्य पदार्थको नाम लिंदै र बाँड्दै, माग्दै गर्दा भोजन गृह (हल) मा बडो आनन्दको लहर आउँथ्यो । गुरु आज्ञा मान्ने र मर्म बुझ्ने साधक तथा श्रीमहाराजजीका धाम एवं आश्रमहरुमा यिनै नामहरुको श्रद्धापूर्वक अवलम्वन गर्ने गरिएको पाइन्छ ।

## तपाईंको जिज्ञासा, स्वामी श्रीहरिदासजीको समाधान


भाग – १३२





*श्री राधारानीको जन्म कसरी भएको हो भन्ने जिज्ञासाको सम्बन्धमा आदरणीय स्वामीजी भन्नुहुन्छ– "श्री राधारानीको वास्तविक स्वरूपको बारेमा त कसैले पनि बताउन सक्तैन । स्वयं वेदले पनि बताउन सक्तैन । उहाँ त लीलाको लागि वृषभानुनन्दिनी अर्थात् वृषभानु राजाकी सुपुत्री बनेर यस धरातलमा प्रकट हुनुभएको हो ।" भगवान् श्रीकृष्णाले गीतामा भन्नुभएको छ– "जन्म कर्म च मे दिव्यम्" अर्थात् मेरा जन्म र कर्म दुवै दिव्य हुन्छन् । तसर्थ मायाबद्ध जीवले कुनै अत्तोपत्तो पाउन सक्तैन । जब श्रीकृष्णाको जन्मको बारेमा कसैलाई पत्तो छैन भने श्रीकृष्णाभन्दा पनि उच्च स्थानमा रहेकी राधारानीको जन्मको बारेमा थाहा पाउन कसरी सकिएला ? हेर्नुस्, संसारका सबै जीवात्मा भावभक्तिमा जहाँसम्म पुग्छन् त्योभन्दा माथि अष्टमहासखीहरूको स्थान हुन्छ । यिनीहरू श्रीकृष्ण भगवान्का अत्यन्तै नजिकका सखीहरू हुन् जसले अन्तरङ्ग सेवा गर्छन् । त्यहाँ कुनै मायाबद्ध जीव पुग्न सक्तैनन् । उनीहरू नित्यसिद्ध महापुरूषहरू (जो कहिल्यै मायाको अधीनमा थिएनन्) भन्दा पनि माथिको स्थानमा रहन्छन् । यिनीहरूभन्दा पनि माथि राधाकृष्ण मात्र रहन्छन् । अझ त्योभन्दा माथि केवल राधारानी रहन्छिन् । त्यहाँ श्रीकृष्ण पनि पुग्न सक्तैनन् । तसर्थ स्वयं ब्रह्म श्रीकृष्णासमेत राधारानीको स्थानसम्म पुग्न सक्तैनन् भने उहाँको जन्मको बारेमा बताउन कसले सक्ला ?*

# रुपध्यान सम्बन्धी वैदिक नियम





वेदान्त (ब्रह्मसूत्र) सिध्दान्त अनुसार उपासना सम्बन्धी केही नियम पालन गर्नाले साधनामा शीघ्र लाभ पाइन्छ।

**१.आसीन सम्भवात्। (ब्रह्मसूत्र ४-१-७)**
सर्वप्रथम श्रीकृष्णको रुपध्यान बसेर गर्नुपर्छ। यदि घुम्दै फिर्दै वा अन्य कार्य गर्दागर्दै रुपध्यानको अभ्यास गर्‍यौं भने पहिलो त ठिक ठिक रुपध्यान बनाउन सकिन्न र त्यो कार्य पनि ठिक ठिक नहुन सक्छ। रुपध्यान परिपक्व भइसके पछि सदा सबै कार्य गर्दा गर्दै पनि स्वयं भइहाल्छ। यहाँसम्म कि हनुमान जी अर्जुन आदिले युद्ध गर्ने समयमा पनि सदा रुपध्यान गरेका थिए। सिद्ध भक्तले एक क्षणको लागि पनि आफ्नो शरण्यलाई बिर्सन सक्तैन। गीतामा भनिएको छ ;

**यथा तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च। (गीता ८.७)**
अर्थात् यदि एक क्षणका लागि पनि हरि बिस्मरण भयो भने त्यस क्षणको कर्मलाई कर्मयोग भनिदेन एवं त्यो कर्म कर्मबन्धनको कारण बन्न पुग्छ। यसैकारण भागवतमा भनिएको छ ;

**न चलति भगवत्पदारविन्दाल्लवनिमिषार्धमपि यः स वैष्णवाग्रयः॥ (भागवत ११.२.५३)**

अर्थात् भक्तको लक्षण नै यही हो कि ऊ आधा क्षणका लागि पनि श्रीकृष्णलाई नभुलोस्। सदा मन, मोहनमा अनुरक्त रहोस्। तर यो अवस्था त पछि आउनेछ। अतः प्रारम्भिक साधना भक्तिमा त एकान्तमा बसेर नै रुपध्यानपूर्वक साधना गर्नुपर्छ।

**२. ध्यानाच्च। (ब्रह्मसूत्र ४.१.८)**
अर्थात् पूर्व ब्रह्मसूत्रमा बताइएको थियो कि सावधान भएर बस। अब यो बताइएको छ कि जसको जप वा कीर्तनादि गरिन्छ उसको रुपध्यान अवश्य गर। नाम वा लीला वा संकीर्तन आदि गर्दाको समयमा सर्वप्रथम रुपध्यान बनाउन पर्दछ। बिना रुपध्यानको नामादि गाउनु त्यति महत्त्वपूर्ण होइन।

**तज्जपस्तदर्थभावनम्। (योगदर्शन १.२८)**
तात्पर्य यो हो कि आफ्नो सेव्य श्रीकृष्णलाई आफ्नो स्वामी, सखा, पुत्र, प्रियतम मानेर उनलाई आफ्नो सामुन्ने उभ्याउनु पर्छ। अनि मनद्वारा नै स्वयंलाई १६ वर्षको रुप श्रृङ्गारयुक्त कन्या मान्नु पर्छ। यसलाई भावदेह भनिन्छ। अर्थात् मनले श्यामसुन्दर बनाऊ र मनले नै स्वयंलाई बनाऊ, यो ध्यानमा राख कि भाव

(दास्य, सख्य, वात्सल्य, माधुर्य) को अनुसार नै रुपध्यान बनोस्। यदि बाललीलाको ध्यान गर्नुछ भने शिशुको रुपध्यान बनाऊ। यदि माधुर्य भावको लीलाको ध्यान गर्नुछ भने नित्यकिशोर रुपको ध्यान बनाऊ। मनले बनाएको श्यामसुन्दरको स्वरुपको श्रृङ्गार पनि मनोभाया (मनले इच्छागरे बमोजिम) नै गर्नु पर्छ एवं आफ्नो मनभायी लीलाहरुको रुपध्यान गर्नुपर्छ। यदि सर्वप्रथम कुनै साधकको मनले रुपध्यान बन्न सकिरहेको छैन भने कुनै प्रतिमा वा चित्रको सहयोग लिनु पर्छ। तर मनले बनाएको ध्यानने सर्वश्रेष्ठ हो।

आफ्नो रुपलाई परमसुन्दर सुन्दरीको बनाउनु पर्छ एवं सुन्दर श्रृङ्गार गर्नुपर्छ। जसले गर्दा श्यामसुन्दर ले म तर्फ हेरुन्, मलाई जिस्काउन् आदि एवं मबाट उनलाई सुख मिलोस्। सदा यही कामना बनाउँदै रहनु पर्छ कि म के के गरुँ कि उनलाई सुख मिलोस्। उनलाई सुख दिनु नै एक मात्र सेवा हो। आफ्नो रुचिको अनुसारको सेवालाई सेवा भनिदैन, सेवा त सेव्यको रुचि अनुसार पो भएमा सही सेवा मानिन्छ।

**३. अचलत्वं चापेक्ष्य। (ब्रह्म. सूत्र. ४.१.९.)**

अर्थात् एकान्तमा बसेर रुपध्यान गर्दाको समयमा सर्वप्रथम नेत्र बन्द गर्नु पर्छ एवं कम्मरलाई सिधा गरेर बस्नु पर्छ। यसको अभिप्राय यो हो कि मनको पुरानो अभ्यास यो छ कि आफ्नो रुचिको विपरित विषयमा आलस्ययुक्त भइहालिन्छ। यदि आरामले तपाईं बस्नु भयो भने अनि मनले भन्छ सुतेर (पल्टेर) ध्यान गरौंला, अनि एक छिन पछि त भुसुक्कै निदाउनु हुनेछ। यसकारण सिधा बसेर ध्यान गर्नु पर्छ। अन्यथा आलस्य आदिको अधिकार हुनेछ र मन यता उता भाग्न थाल्नेछ।

**४. यत्रैकाग्रता तत्राविशेषात्। (ब्रह्म.सूत्र. ४.१.११.)**

यसप्रकार उपयुक्त रीतिले एकान्तमा सावधान भएर रुपध्यान गर्दै बसेर साधना गर्नुछ। केही व्यक्तिहरु कर्मकाण्ड जस्तै स्थान, काल आदिको विचार गर्दछन्। त्यसलाई निषेध गर्दै ब्रह्मसूत्र भन्दछ जहाँ जब तपाईंको मन लाग्छ बस त्यहाँ त्यसबेला साधना गर्नुस्। यो विशेष छुट भगवान्को नै रुपध्यानमा छ, अन्य मायाधीन देवी देउताहरुको उपासनामा स्थान एवं समय आदिको अनेक प्रतिबन्ध छ। भक्तिमा स्थान वा समयको प्रतिबन्ध केही पनि छैन।

**न देश नियमस्तस्मिन् न काल नियमस्तथा। (भक्ति रसामृत सिन्धु)**

वास्तवमा यो बुझी राख्नु पर्छ कि हाम्रा प्रेमास्पद सर्वत्र एवं सर्वदा हुनुहुन्छ। विश्वमा एउटा पनि यस्तो परमाणु छैन जहाँ उहाँको निवास नहोस्। जसरी तिलमा तेल व्याप्त छ, त्यसरी नै भगवान् सर्वव्यापक हुनुहुन्छ। उनलाई कुनै पनि स्थान वा कालले अपवित्र गर्न सक्तैन। बरु उहाँले नै अपवित्रलाई पवित्र गरिदिनु हुन्छ। उहाँ त सबैजनाको अन्तःकरणमा नित्य बस्नु भएको छ, त्यसो भए के अन्तःकरण अपवित्र छ र ?

**वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥ (गीता ७.१९)**

अर्थात् भगवान्लाई सर्वत्र, सर्वदा अनुभव गर्ने वाला महान् आत्मा हो। यस प्रकार वेदान्त-वर्णित एकान्त साधना त गर्नु नै छ। तर यो साधना गृहस्थले निरन्तर गर्न सक्तैन। विरक्त भई केहि घण्टामा थाक्छ। फेरि गृहस्थलाई त नाना प्रकारको प्रपञ्च आदि कार्य गर्नु पर्ने हुन्छ।

**कर्मयोग**

अन्य कार्य गरिरहेको समयमा पनि साधारण साधना गर्दै रहनु पर्छ।

**सुमिरन की सुधि यों करो ज्यों सुरभी सुत माहिं।**
**कह कबीर चारों चरत बिसरत कबहुँ नाहिं॥**
**या दोहनेऽवहनने मथनोपलेपप्रेङ्खेङ्खनार्भरुदितोक्षणमार्जनादौ।**
**गायन्ति चैनमनुरक्तधियोऽश्रुकण्ठ्यो धन्या व्रजस्त्रिय उरुक्रमचित्तयानाः॥**
**(भागवत १०.४४.१५)**

अर्थात् निष्काम प्रेमका आचार्या ब्रजांगनाहरु संसारी समस्त कार्य गर्दा गर्दै पनि सदा श्रीकृष्णमा नै मनको अनुरक्त राख्ने गर्थे। यद्यपि सुरुमै तपाईंले यसो गर्न सक्नु हुने छैन। तर पनि यो अभ्यास गर्नु पर्छ कि श्यामसुन्दर मेरो साथमा हुनुहुन्छ। म सँगै हुनहुन्छ। मेरो प्रत्येक क्षणको प्रत्येक संकल्पलाई नोट गरिरहनुभएको छ। यसकारण मैले स्वयंलाई कहिल्यै पनि एक्लो मान्नु भएन।

प्राइवेट शब्दलाई बिर्सनु पर्छ (जस्तै म जे सोचिरहेको छु यो कसैलाई पनि थाहा छैन), अलि अलि समय पछि, पहिले त अभ्यास गर्नु पर्छ। अनि विस्तारै विस्तारै तपाईंलाई यो महसुस हुन थाल्नेछ कि उनी मेरो साथमा छन् । मेरा रक्षक हुन् । यसको अतिरिक्त यो पनि अभ्यास गर्नुछ कि म जे पनि गरिरहेको छु, उनकै सेवाको लागि नै गरिरहेको छु। खानु, पिउनु, सुत्नु सबै श्रीकृष्णकै सेवाको लागि गरिरहेको छु । तपाईंले भन्न सक्नु हुन्छ खाना त म आफ्नो लागि खाइरहेको छु, यसलाई सेवा कसरी मान्न सकिन्छ ? यो विचार गर्नुस खानु, सुत्नु, शरीरलाई स्वस्थ राख्नका लागि हो जसले गर्दा भक्ति ठिक ठिक होस् ।

**राधा गोविन्द गीतमा कर्मयोग**

**दशहुँ दिशामें मोहिं गोविन्द राधे ।**
**जित देखूँ दीखे तू ही ऐसी बना दे ॥२२८॥**

हे नाथ ! यस्तो कृपा गर्नुहोस् कि जसले गर्दा दशै दिशाहरुमा जता पनि मेरो दृष्टि जान्छ मैले हजुरलाई नै देखूँ ।

**तेरा ध्यान ऐसे करुँ गोविन्द राधे ।**
**गाय घास चरे बछरा न भूला दे ॥२२९॥**

हे नाथ ! यस्तो कृपा गर्नुहोस् कि जसरी गाईले घास चर्दाखेरी बाच्छोको ध्यान गर्छ त्यसै प्रकार संसारको कार्य गर्दा गर्दै पनि म सदा सर्वदा हजुरकै ध्यान गर्दै रहूँ ।

**तेरा ध्यान ऐसा करुँ गोविन्द राधे ।**
**तेरे सिवा मन सब जगको भूला दे ॥२३०॥**

हजुरले कृपा गरेर मलाई आफ्नो रुपध्यानमा यति तन्मय गरि दिनुहोस् कि मेरो मनले हजुरको अतिरिक्त समस्त संसारलाई नै भुलोस् ।

**तेरा ध्यान ऐसा करुँ गोविन्द राधे ।**
**जैसे भृंगी कीडा निज रुपको भूला दे ॥२३१॥**

यस्तो कृपा गर्नुहोस् कि हजुरको ध्यान गर्दा गर्दै मेरो मन भृङ्गी किरासमान तद्रूप (त्यस्तै किसिमको) भइहालोस् ।

**मैंने तोहिं देखा नहिं गोविन्द राधे ।**
**ध्यान करु कैसे टुक झाँकी दिखा दे ॥२३४॥**

हे ब्रज बिहारी राधा माधव ! मैले हजुरलाई कहिल्यै देखेको छैन यसकारण हजुरको ध्यान पनि गर्न सक्तिन । यदि हजुरले आफ्नो रुपको अलिकति झलक देखाउनु भयो भने अनि त यो मन निरन्तर हजुरको ध्यानमा डुबिरहने थियो ।

**मन ते बनेना ना तेरा गोविन्द राधे ।**
**रुपध्यान याते टुक झलक दिखा दे ॥२३५॥**

भक्त भन्दछ - हे राधा गोविन्द ! म हजुरको मनोहर रुपको ध्यान गर्न इच्छुक छु तर जब ध्यान गर्न बस्छु ठिक ठिक ध्यान बन्दैन । यदि हजुरले मुनि-जन-मोहन रुपको अलिकति झलक मलाई देखाइदिनु भयो भने मलाई हजुरको ध्यान गर्न कठिनाई अनुभव हुने थिएन ।

**गरबाहीं दीन्हें दोऊ गोविन्द राधे ।**
**एक बार मोहूँ सोई झाँकि दिखा दे ॥२३९॥**

हे श्यामा श्याम ! एक पटक मलाई पनि परस्पर एक अर्काको कुममा आफ्नो बाहुली राखेको आफ्नो युगल छविको दर्शन गराइदिनुहोस् ।

**गरबाहिं दीन्हें दोऊ गोविन्द राधे ।**
**कभू तो मिलोगे विश्वास दिला दे ॥२४०॥**

हे प्रभु ! मेरो मनमा यस्तो दृढ विश्वास जमाई दिनुहोस् कि एक अर्काको कुममा बाहुली राखेको युगल सरकारले मलाई अवश्य दर्शन दिनु हुनेछ ।

**मोहिं तो भरोसो भारी गोविन्द राधे ।**
**कबहुँ तो अईहैं दोऊ गलबँहियाँ दे ॥२४१॥**

भक्त भन्दछ - मलाई दृढ विश्वास छ कि मेरा हृदयेश्वर राधा-कृष्ण परस्पर कुममा बाहुली राख्दै मेरो निकट अवश्य नै आउनुहुनेछ ।

जगद्गुरु श्री कृपालु जी महाराज
(साभार : "रुपध्यान बिज्ञान" पुस्तकबाट)

# Kripaluji Maharaj and Sharadpoornima

Our very beloved Master & the fifth original Jagadguru of this age- Kripaluji Maharaj and Sharad Poornima festival is no two different identity for the Kripalu followers worldwide. The actual meaning of Sharad Poornima and the best way of celebrating it, is taught by Kripaluji Maharaj to all Radha Krishna Divine Love seekers.

The importance and the necessity of God realization in human life, correct path as per Holy Scriptures and the way of attainment of Divine Love of Shree Radha Krishna- "Prema Rasa Siddhantha, Philosophy of Divine Love" is the divine gem given to world by Kripaluji Maharaj. Shree Maharajji, as he is lovingly addressed by his devotees was born on the auspicious night of Sharad Poornima in 1922, in the village Mangarh near Allahabad in eastern state of Uttar Pradesh, India.

Sharad Poornima was the full moon midnight when Shree Krishna inspired by Shree Radha Rani graced the deserving souls with the highest class of Raas Ras - Maharas, a soul could ever receive, to the gopis of Samartha Rati. Shree Maharajji's divine descension on the midnight of Sharadpoornima itself speaks, who was Shree Maharajji? He was the personification of Divine love and the grace in human form of Shree Radha Krishna of Divine abode- Golok.

In later days his acceptance of the title "Jagadguru" clearly indicates the sole purpose of his descension, was to show and teach the mayic souls (jeev) of the world the right way of attainment of Radha Krishna Bhakti, which is the ultimate aim of human life. It was the grace of Shree Maharajji that his state of devotion- Mahabhav, which is the highest stage of devotion that manifests in Radha Rani was observed by his sadhaks. The very same manifestation of Mahabhav was last seen in Chaitanya Mahaprabhu, about 500 years ago.

Sharadpoornima is the day that is celebrated by Kripalu sadhaks every year with the loving remembrance and with yearning of Divine Love and Sewa as a gift on a birthday of the Eternal Spiritual Master Shree Kripalu ji Maharaj.

## कृपा

पायौं मानुष देह आज सजिलै, कृपा अहैतूकि हो ।
चौरासी जुनिमा कतै कुन बखत, दिन्छन् हरि जन्म यो ॥१॥

तीन कृपा हरिका हुनन् जन उपर, जानौं बुझौं सब् जना।
पाऊनू नर देह एक हो अरु भने, नारायणको चाहना ॥२॥

तेस्रो हो गुरु पाउनू सकल वेद, शास्त्रादिको ज्ञान हुने ।
साथै श्रीहरिको प्रत्यक्ष अनुभव, प्राप्ति गरी ध्यान हुने ॥३॥

तीनै दुर्लभ छन् तथापि हरिको, कृपा भए पाइने।
यो ज्ञानैकन पाउनाकन पनि, फेरि गुरु चाहिने ॥४॥

तस्माद् सज्जन हो बुझी सब कुरा, झट्पट् तयारी गरौं ।
खोजी सर्व समर्थ सिद्ध गुरुका, चाँडै शरणमा परौं ॥५॥

जस्को जीवनमा मिलेन गुरु ता, त्यो व्यर्थ जीवन भयो ।
सत्कर्मै तिर लाग्न केही नसकी, चौरासि लाखमा गयो ॥६॥

बन्धन्मा परि जन्म मृत्यु दुईको, अन्धेरका दुःख अनी ।
कष्टै आदि सहेर बस्नु परदा, पुकार्छ हे राम भनी ॥७॥

हिन्दू धर्म विशाल छ सज्जनहरु , जानौं बुझौं यस् कनै ।
कल्याण् चाहनुहुन्छ ता यदि भने, चिन्तन गरौं मन्मनै ॥८॥

भग्वन्नाम जपौं सदा हृदयमा, उन्लाइ साक्षी गरी।
आफ्नो कार्य गरौं दिनानुदिन ती, सम्झेर श्रीराम हरी ॥९॥

## उच्च साधक

जसले गर्दछ नित्य भक्ति हरिको, मन्मा गुरु ज्ञान धरी ।
त्यागी स्वारथ मान आदि हरिमा, सर्वै समर्पण गरी ॥१०॥

आज्ञा पालन गर्छ फेरि गुरुले, आदेश दिन्छन् जती ।
बाधा कष्टहरु सहन्छ जति छन्, फिक्री नमानी रती ॥११॥

तीता वाक्य सही विरोध नगरी, लम्किन्छ प्रेमी बनी।
भक्तीका पथमा खरो सुन बनी, चम्किन्छ सोही अनी ॥१२॥

यस्तै एक भए गुणी सजन हो, नेपाल देशमा पनी ।
चिन्छन् साधकले उनैकन यहाँ, स्वामी हरीदास भनी ॥१३॥

सच्चा साधक हुन् हरी र गुरुका, निष्ठा र बलका धनी ।
प्राप्ती खातिर दिव्य लक्ष अहिले, एकान्तमा छन् उनी ॥१४॥

आज्ञाले गुरुका गरेर तिनले, नेपाल देशै भरी ।
प्रचारादि गरे हरेक जनमा, निर्वाध यन्त्रै सरी ॥१५॥

लाखौं साधक छन् अनेक थरिका, सेवा महाँ तत्पर ।
आज्ञा ती सब मान्दछन् जतिसुकै, पाए भने जब्बर ॥१६॥

आज्ञाथ्यो गुरुदेवको अब तिमी, जाऊ सबै ठाउँमा ।
सिद्धान्तै सब बाँड भक्ति रसको, नेपालका गाउँमा ॥१७॥

कीर्तार्थै बन आफु लौ अघि बढी, गर्नूछ जो जो गरी ।
सेवा भक्ति बिशे अधिक बलदिई, खूशी बनाऊ हरी ॥१८॥

यै आज्ञा गुरुको सदा शिरधरी, लम्के हरीदास जी ।
बस्दै दूर एकान्तमा हिमगिरी, तीर्थादिको आश ली ॥१९॥

हाम्रै बीच थिए कुनै दिनमहाँ, बस्थे प्रचार खूब गरी।
डुल्थे देश बिदेशमा हरघडी, चल्थे मसीनै सरी ॥२०॥

आहा आज उनी निर्वाध रुपले, गर्दै तपस्या बसे ।
त्यागी लोभ र मोहजाल उनी ता, हीमालमा पो पसे ॥२१॥

आज्ञा हो गुरुको कृतार्थ बन लौ, भन्ने कुरा ख्याल भई ।
सुम्पी जानुभयो अरु सब कुरा, निर्देश सारा दिई ॥२२॥

सत्संगी उनका सबै जन मिली, निर्देश मानी कनै।
गर्दैछन् भरमार साधन पनी, सुम्पेर तन् मन् धनै ॥२३॥

आशा एक छ आउला बखत त्यो,पूराभई साधना।
पाऊने हरिको प्रत्यक्ष दरशन्,पुग्ला सबै चाहना ॥२४॥

स्वामीजी संगमा दिदी पनि हरे, सुट्टै यहाँ आउलान् ।
तिर्खाई बसि आँसु झार्ने जनले, आनन्द त्यो पाउलान् ॥२५॥

दिन्छौं आशिष आज मुक्त स्वरले, कार्यै सफल होस् भनी ।
खाली हात नआउ बोकि ल्याउ दिलमा, भक्ती हरीको पनी ॥२६॥

हामीमा छ अठोट आज पनि लौ, त्यो दिन् पनी आउला ।
भक्तीको फल मिल्छ है तिमिकनै, हामी पनी पाउँला ॥२७॥

एक साधक, बैतडी...



# स्मरण भक्ति

भक्ति धेरै प्रकारका हुन्छन् । कुनै भक्ति कर्मेन्द्रियद्वारा हुन्छन्, कुनै भक्ति ज्ञानेन्द्रियद्वारा हुन्छन्, कुनै भक्ति मनद्वारा हुन्छ। कुन चाहिँ भक्ति गर्नु पर्ला जसद्वारा लक्ष्यको प्राप्ति हुन्छ । वेद भन्छ -

**मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः ।**
(पंचदशी, शाट्यायनीयोपनिषत् १, ब्रह्मबिन्दुपनिषत)
**चित्तमेव हि संसारः ।** (शाट्यायनीयोपनिषदत् ३)
**चेतः खल्वस्य बन्धाय मुक्तये चात्मनो मतम्।** (भाग. ३-२५-१५)
**मन एव हि संसारः ।** (तेजोबिन्दूपनिषत् ५.९८)

अर्थात् वेदहरुले भनिरहेका छन् पटक पटक कि भक्ति मनद्वारा नै गर्नु छ। बन्धन तथा मोक्षको कारण केवल मन हो 'मन','मन', 'मन'। यो वाक्य स्वर्ण अक्षरमा नोट गर, भगवत्प्राप्ति सम्म काम लाग्ला। मन प्रमुख हो र जति भक्तिहरु छन् शरीर को अर्थात् कर्मेन्द्रियको, मन्दिरहरुमा जानु, चारवटै धाममा जानु गोडाले, हातले पूजा गर्नु र ज्ञानेन्द्रियहरुद्वारा पनि भक्ति हुन्छ । कानले सुन्नु, आँखाले हेर्नु, मूर्ति दर्शन आदि यी सबै भक्तिहरु हुन् । तर यी सबै शरीरको समान हुन् । प्रह्लादले नवधा भक्ति बताएका छन्, नौ प्रकारको भक्ति -

**श्रवणं कीर्तनं विष्णोः स्मरणं पाद सेवनम् ।**
**अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ॥** (भाग. ७-५-२३)

यी नौ प्रकारका भक्तिमा एउटा भक्ति हो स्मरण । यो मनले हुन्छ र बाँकी जुन भक्तिहरु छन् ती कर्मेन्द्रिय, ज्ञानेन्द्रियद्वारा हुन्छन् । कर्मेन्द्रियादिको भक्तिलाई भगवान्‌ले भक्ति नै मान्नु हुन्न । ती सबै एक्टिङ (अभिनय) हुन् । हेर्नुस् सबैभन्दा खराब कर्म मर्डर (हत्या) , कसैको हत्या गर्नु । हनुमानजीले करोडौं ब्राह्मणहरुको हत्या गर्नु भयो, अर्जुनले आफ्ना पुर्वजहरुको हत्या गरे महाभारतमा तर कुनै सजाय भएन यिनीहरुलाई, अझ कृपा प्राप्त गरे । किन ? यिनीहरुको मन भगवान्‌मा थियो । मनमा भगवान् थिए, इन्द्रियहरुले युद्ध गरे । इन्द्रियहरुको कर्म भगवान्‌ले नोट नै गर्नु हुन्न, कर्म नै मान्नु हुन्न । मनको कर्म नोट गर्नु हुन्छ ।

अरे ! म फलानो कहाँ गएको थिएँ, सातवटा ढोकाहरु बनाएको थियो उसले स्वागतको लागि, छप्पन प्रकारका व्यञ्जनहरु बनाउन लगाएको थियो, बडो लामो स्वागत गरिएको थियो, बडो प्रेम

गर्दछ उसले मलाई। यस्ता चिजहरुको महत्त्व संसारमा हुन्छ। को ही व्यक्ति कहाँ मन्त्री गयो भने यस्ता चिजहरु गर्नु पर्छ र जब ऊ फर्केर जान्छ राजधानीतर्फ, घरमा, अनि भन्दछन् ऊ गयो बल्ल छुट्टी मिल्यो, एक महिना देखि मरणतुल्य भएको थियो। अरे ! यो बोझ हो बोझ र मन्त्रीको बुझाइ हुन्छ मेरो त यत्रो स्वागत भयो, जनताले कति प्रेम गर्दा रहेछन् मलाई। त्यो बुद्धुले बुझ्ने सक्तैन कि यी सबै एक्टिङ हो, यो सबै डरको कारणले भएको हो।

भगवान् कहाँ केवल मनको कर्म नोट गरिन्छ। एक पटक पनि तपाईंले राम नभन्नु होस्, राधे नभन्नु होस्, श्याम नभन्नु होस्, भगवत् प्राप्ति हुन सक्छ, केवल मनले चिन्तन गर्दा हुन्छ। अनन्त पटक राम राम श्याम श्याम गर्नु होस् र मनको एटेचमेन्ट (आशक्ति) संसारमा होस् मृत्यु पछि संसार पाउनु हुनेछ, भगवान् पाउनु हुने छैन। एकदम सिधा फिलोसफी (दर्शन) छ। भगवान्ले अर्जुनलाई भन्नु भयो -

**यान्ति देवव्रता देवान् पितृन्यान्ति पितृव्रतः।**
**भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम्॥** (गीता ९.२५)

अर्थात् जसले सत्वगुणी देउताहरुसँग प्रेम गर्छ मनले, ऊ स्वर्ग जान्छ, जसले मनुष्यलाई प्रेम गर्छ आमा, बुवा, छोरा, स्त्री, पति आदि भने यिनीहरु सबै जहाँ जान्छन्, त्यहीं जानु पर्छ, तिमीले पनि। मानीलेऊ तिमीले बुवालाई प्रेम गऱ्यौ, आमालाई प्रेम गऱ्यौ, पत्नीलाई प्रेम गर्यौ, पतिलाई प्रेम गऱ्यौ र ऊ कुकूर बन्यो मृत्युपछि पापको कारण तिमीलाई कुकुरको छोरा बन्नु पर्नेछ। अरे ! जड भरत जस्ता परमहंसलाई मृत्युपछि हरिण बन्नु पऱ्यो किनभने हरिणकै स्मरण गरिरहेका थिए।

मनले जसको स्मरण गर्छ, उसैको गति प्राप्त हुन्छ। बस एउटा फर्मुला। इन्द्रियको कार्यको कुनै महत्त्व हुँदैन। दिनभरि पूजा गर्नुस् हातले, चारवटै धामको मार्चिङ गर्नुस्, दस पटक, सबै बेकार, यो देह हो देह र यसमा एक प्राण हुन्छ ? हो। स्मरण भनेको प्राणको समान हो। प्राण निक्ल्यो भने देह व्यर्थ हुन्छ सड्छ, गल्छ, माटो हो। यसरी नै यदि भगवान्को स्मरण मनले गर्दैनौ भने जति भक्ति गऱ्यौ जिरो बट्टा सय। यसकारण अरु जति भक्ति तपाईंले गर्नुस्, गर्नुस् मनाही छैन कीर्तन गरिरहनु भएको छ। ठिक छ गर्नुस्, अवश्य गर्नुस् तर पहिले स्मरण अनि कीर्तन। पहिले भगवान्लाई सामुन्ने उभ्याउनुस् मनले, मनले।

आठ प्रकारको प्रतिमा हुन्छ, भागवतमा बताइएको छ -

**शैली दारुमयी लौही लेप्या लेख्या च सैकती।**
**मनोमयी मणिमयी प्रतिमाष्टविधा स्मृता॥** (भागवत ११-२७-१२)

यिनीहरुमा हाम्रो देशमा चल्छ संसारमै चलेको छ ढुंगाको मूर्ति, शैली भन्दछन् त्यसलाई। शिलालाई ढुंगाको चट्टानबाट, ढुङ्गालाई काटेर त्यसमा हाथ, गोडा, आँखा, मुख बनाउँछन्, मन्दिरमा स्थापित गर्छन् र त्यो राधाकृष्ण, सीताराम बन्छन् र तपाईहरु जानुहुन्छ दर्शन गर्न। तर एउटा हुन्छ मूर्ति मनोमयी, मनले बनाऊ त्यो सबै भन्दा राम्रो। यो कृपालुको व्यक्तिगत सुझाव। किन ? यसकारण कि जुन ढुङ्गाको मूर्ति हुन्छ एउटै अनुहार को हुन्छ। जुन अनुहार ढुङ्गामा कुँदिएको हुन्छ र तपाईंको मन भन्दछ बदलिनु पर्छ। पटक पटक एउटै अनुहार हेर्दा हेर्दा हामी बोर भयौं। अर्को कुरा, हाम्रो ईच्छा भइरहेको छ हामी ठाकुरजीलाई कोहिनूरको हिराको माला पहिराऊँ। ठूलो हिरा तर कहिल्यै देखेको छैन अहिलेसम्म यति ठूलो हिरा। माला के पहिराउँछौ। तर मनले श्यामसुन्दरका लागि बनाऊ, राधारानीका लागि बनाऊ। भर्खरका उमेरको बनाऊ, बर्ष दिनको बनाऊ, दश बर्षको बनाऊ, पचास बर्षको बनाऊ, हजार वर्षको बनाऊ, तिम्रो ईच्छा। यी ठूला ठूला हिराका माला पहिराऊ, खर्च केही पनि हुँदैन, मनले अनेक प्रकारका पोशाकहरु फेराऊ एक एक मिनटमा, एक पैसा खर्च हुँदैन। जे मन लाग्यो त्यही व्यञ्जन खुवाऊ, कुनै परिश्रम गर्नु पर्दैन। अर्थात् मनले भगवान्को मूर्ति बनाऊ र चल मूर्ति, यस्तो होइन कि एउटा पोजमा छन्, भगवान् यसरी उभिएका छन्। होइन होइन हात गोडा सबै चलिरहेका छन्, मेरो छेउमा आइरहेका छन्। मलाई अंगालो हाली रहेका छन्। मसँग केही कुरा गरिरहेका छन्, यस्तो अनुभूति गर र सबै स्थानहरुमा यो अनुभूति गर। (यो मनोमयी मूर्ति बनाएर ध्यान केन्द्रित गर्नु नै रुपध्यान हो) नुहाइ धुवाई गरेर बस्ने हो र ? नुहाउनु पर्दैन। चर्पिमा बस्दा पनि ध्यान गर्न सक्नु हुन्छ, जहाँ भएपनि हुन्छ। जस्तै आमासँग प्रेम गर्छौ, बुवासँग गर्छौ, पतिसँग वा पत्नीसँग गर्छौ। नुहाई धुवाई गरेर गर्छौ र ? हरेक समय, हरे क स्थानमा , भगवान्ले अपवित्र स्थानलाई पवित्र गरिदिनु हुन्छ। नडाराऊ कि म अपवित्र छु। अपवित्र त भित्रबाट तिमी सदाका लागि छौ, के नुहाएर शुद्ध हुन्छौ र ? यो त छालामा कुनै मयल आदि छ भने धोईन्छ नुहाउदा सफा हुन्छ अरु के गर्न सक्छौ र। गंगाजीमा नुहाएर पनि के गर्न सक्छौ र। भित्र त गडबड छ मन। यसकारण वेदव्यासले पद्मपुराणमा भनेका छन् -

**अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा ।**
**यः स्मरेत्पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ॥**
**(पद्मपुराण पातालखण्ड ८०-१२)**

तिमी अपवित्र हौ चाहे पवित्र हौ, प्रत्येक समय भगवानको स्मरण गर । उनको नाम लेऊ, गुण गाऊ र भन कि दुनियाका व्यक्तिले नराम्रो भन्छन् ट्वाइलेटमा बसेर नाम गाउँदा, गुण गाउँदा भने नगर तर सदा स्मरण चाहिँ गरी राख । स्मरण गर्दा कसैले रोक्न सक्दैन, स्मरण गरी राख । उनीसँग भेट्नका लागि व्याकुलता बढाऊ । तपाईंलाई कसैले सोधे भने कि भगवान्सँग कसरी भेट हुन्छ एउटा जवाब दिनु, जब भगवानसँग नभेटी नहुने अवस्था आयो भने भगवान्सँग भेट हुन्छ । बस् । यति व्याकुलता भईहालोस् कि जसरी माछालाई बाहिर राख्दा ऊ तड्पिन्छ पानीमा जानको लागि । जब यस्तो तडपन हुन्छ श्याम मिलनका लागि बस उनी सँग भेट भइ हाल्छ । त्यसैलाई अनुराग भन्छन, प्रेम भन्छन्, स्नेह भन्छन्, भक्ति भन्छन् बाँकि सबै एक्टिङ, त्यसबाट काम बन्देन ।

गीताको पाठ गरिलेऊ, भागवतको पाठ गरिलेऊ, वेदको पाठ गरिलेऊ, पूजा गरि लेऊ । यी सबै केही नहुनुभन्दा केही हुनु त राम्रै हो । जो नास्तिक हो उसले खाली राम राम भन्छ मुखले, ठिक छ । केही त सुरु गऱ्यो उसले तर भगवान्लाई पाउन सकिन्न यसबाट । उनलाई पाउनका लागि प्रेम गर्नु पर्छ प्रेम । **'रामहि केवल प्रेम पियारा'** ।

**भावग्राह्यमनीडाख्यं भावाभावकरं शिवम् । (श्वेताश्वतरोपनिषद् ५-१४)**

वेद भन्दछ । यसकारण रुपध्यानमा विशेष ध्यान दिनुछ र सदा सर्वत्र मनले चाहेको रुपध्यान बनाउनु छ । कसैलाई सोध्नु पर्दैन कि भगवान् कस्तो हुनहुन्छ । हामीलाई जस्तो राम्रो लाग्छ त्यस्तै ध्यान गर्छौं । मोटो मोटो भगवान्, पातलो पातलो भगवान्, लामो लामो, छोटो छोटो, गोरो गोरो, कालो कालो जब जस्तो मनमा आउँछ त्यस्तै भगवान् बनाउँछौं । यस्तै भगवान्को आज्ञा छ हामीलाई के को डर छ र ? हो हामीले मनले बनाइरहेका छौं, आज श्यामसुन्दरलाई क्रिकेट खेलाउँछौं । हातमा बल देऊ, आफै बलिङ गर । हुन्छ क्लिन बल्ड गरे पनि हुन्छ, नडराऊ । उनले सबै थोक गर्न तयार छन् । बस्, तिमीले मनले गर ।

यसकारण रुपध्यानको अभ्यास गर, पटक पटक गर । केही दिन गर्दा गर्दै आफैं हुन थाल्छ । यो मेरो अन्तिम सन्देश हो, मेरो अन्तिम सुझाव हो, अन्तिम आदेश हो ।



जगद्गुरु श्री कृपालु जी महाराज
(साभार : "रुपध्यान विज्ञान" पुस्तकबाट)

# जगद्गुरु सन्देश



**कलियुगमा एकमात्र नाम संकीर्तन नै साधना बताइएको छ । हुनत अन्य अन्य साधनाहरूबाट पनि भगवत्प्राप्ति गर्न सकिन्छ भन्ने विचार आउन सक्छ तर यति अमूल्य, सरल एवं छिट्टै फल प्रदान गर्नेवाला संकीर्तन साधना छोडेर क्लिष्ट अर्थात् कठिन अन्य साधनाहरू गर्नु कति बुद्धिमानी होला ?**

- तिम्रो कृपालु



English Section

## "Words of Wisdom : Q & A between Shree Maharaj ji and devotees"

**Devotee: Maharaj Ji,** we hear the story of Ajamil who called out to his son Narayan at the moment of death. Is it true that Ajamil attained God-realization by merely uttering the name Narayan?

**Maharaj Ji:** Ajamil was a great scholar of the Vedas. He was a very pious and devoted man but one moment's 'kusang' (wrong association) made him fall on the spiritual path. He became extremely attached to the world. In his final moments of life, when he was about to lose consciousness, Ajamil thought about his son and uttered his name – Narayan. After this, he lost consciousness. In that state he had an experience. He saw the messengers of Yamraj (god of death) had come to claim his soul, but he also saw messengers of Bhagvan Narayan. Messengers of Yamraj and messengers of Narayan spoke to each other and then all of them went away. Ajamil regained consciousness and returned to his life as a pious and devoted individual. Then he left his body at will and went to the abode of God.

Ajamil did not die when the messengers from Yamraj and God came. They left him; he did not die. He went off to Haridvar and practiced devotion to Shri Krisnna. His detailed story is told in the Bhagvatam. Ajamil removed his mind from the material world and practiced unflinching devotion to Shri Krishna for a full year. When his heart became completely pure, Shri Krishna's messengers came and took him to Golok. Ajamil did not attain the divine abode simply by taking the name of his son Narayan.

Furthermore, the pain of death is so intense that it is thousands of times greater than the pain that causes a person to become unconscious. Suppose a man is suddenly attacked a stick by a stranger. The man tolerates the beating. Then comes the second blow; then the third. He tolerates the pain. When he is beaten the fourth time, the pain is unbearable for him, and he becomes unconscious. This means that this man could not bear the pain of four beatings with a stick. The pain of death is thousands of times greater than this beating. How can anyone take the name of God or call out to his son at that time?

Shri Krishna says in the Geeta, "He who thinks of Me at the moment of death will come to Me." The only one who can think of God is the one who leaves his body willingly (like Ajamil did in Haridvar). If the soul is being forced by the messengers of Yamraj to leave the body, the individual will first lose consciousness due to the intense pain.

*Source: Radha Madhav Society, Duluth.*



## श्रीकृष्णजन्माष्टमी महोत्सव - श्यामा श्याम धाम, ठिमी, भक्तपुर






















गुरुपूर्णिमा महोत्सव – श्यामा श्याम धाम, ठिमी, भक्तपुर




श्रीकृष्णजन्माष्टमी महोत्सव – श्री जगद्गुरुत्तम मन्दिर, हेटौंडा, मकवानपुर






श्रीराधाष्टमी महोत्सवको अवसरमा आयोजित पाँच दिवसीय साधना शिविर – श्यामा श्याम धाम, ठिमी, भक्तपुर





माता गौरी भवानीको प्रतिमा तथा शिव धनुषको प्रतिष्ठापन – कृपालु उद्यान, काठमाण्डौ





श्री राधा माधव समिति नेपालद्वारा खाद्यान्न सामग्री प्रदान – श्री ब्रह्मेश्वर वेद विद्याश्रम गुरुकुल, नुवाकोट






विद्वत् समाज नेपालद्वारा खाद्यान्न तथा दैनिक उपभोग्य वस्तु प्रदान – दृष्टिविहीन आमा घर सामाजिक संस्था, गोकर्णेश्वर, काठमाण्डौ






Divine Club Worldwide, USA organized Donation Drive to Loudoun County Homeless Shelter in Leesburg, Virginia, USA





डिभाइन युथ क्लब नेपाल, कास्कीद्वारा श्री कालिका निम्न मा.वि. का छात्र छात्राहरुलाई विद्यालय पोषाक वितरण – पोखरा





श्यामा श्याम सत्संग, रामबजार, पोखराद्वारा श्री सिद्ध मा.वि. फलेपाटन, पोखराका छात्र छात्राहरुलाई विद्यालय पोषाक वितरण – पोखरा



श्रावण सोमबारको अवसरमा श्री राधा माधव समिति, धनगढीद्वारा शुद्ध पिउने पानी वितरण – श्री शिवपुरी धाम, धनगढी



श्री राधा माधव समिति, तुलसीपुरद्वारा आयोजित रक्तदान कार्यक्रम तुलसीपुर, दाङ





पोखरा महानगरपालिकाद्वारा आयोजित नगर सरसफाई कार्यक्रममा सहभागी डिभाइन युथ क्लब नेपाल, कास्कीका सदस्यहरु – पोखरा

# डिभाइन युथ क्लब नेपालद्वारा आयोजित मन्दिर सरसफाई कार्यक्रम






तम्घासस्थान संयुक्त मन्दिर – तम्घास, गुल्मी






केदारेश्वर मन्दिर – बैदाम, पोखरा





डोलेश्वर महादेव मन्दिर – भक्तपुर





छायाँक्षेत्र छाङ्छाङ्दी शिव मन्दिर – स्याङ्जा




श्री राधा माधब समिति नेपालद्वारा आयोजित बटुक सेवा - श्यामा श्याम धाम, ठिमी, भक्तपुर




श्री जगद्गुरुत्तम मन्दिर अध्यात्म केन्द्रद्वारा आयोजित बटुक सेवा - श्री वैदिक संस्कृत गुरुकुलम्, हर्नामाणी, हेटौंडा




श्री राधा माधब समिति, पुतलीबजार, स्याङ्जाद्वारा आयोजित साधु सेवा - श्री १००८ चम्पागिरी सन्यास आश्रम, स्याङ्जा




श्री राधा माधब समिति, गुल्मीद्वारा असहाय वृद्धवृद्धाहरुलाई आवश्यक खाद्यान्न प्रदान - तम्घास, गुल्मी




श्यामा श्याम सत्संग, रामबजार, पोखराद्वारा आयोजित गौ सेवा – रामबजार, पोखरा




श्री राधा माधव समिति, भरतपुरद्वारा आयोजित गौ सेवा – योगी नरहरिनाथ गौ संरक्षण केन्द्र, चितवन




श्री राधा माधव समिति, तुलसीपुरद्वारा आयोजित गौ सेवा – दिव्य कामधेनु गौशाला, खहरेखोला, दाङ




श्री राधा माधव समिति, गुल्मीद्वारा फरकक्षमता भएका विद्यार्थीहरुलाई भोजन प्रदान – तम्घास, गुल्मी







श्री राधा माधव समिति, जाजरकोटद्वारा जिल्ला अस्पताल जाजरकोटमा भर्नाभएका बिरामीहरुको लागि फूल र फलफूल वितरण – जाजरकोट





डिभाइन युथ क्लब नेपाल, कास्कीद्वारा बिपन्न वर्गका विद्यार्थीहरुलाई शैक्षिक सामग्री प्रदान – धम्पुस, खानीगाउँ, कास्की







श्री राधा माधव समिति, तुलसीपुर, दाङद्वारा राप्ती प्रादेशिक अस्पतालमा भर्नाभएका बिरामीहरुलाई फलफूल वितरण – तुलसीपुर, दाङ





श्रीकृष्णजन्माष्टमीको अवसरमा डिभाइन युथ क्लब नेपालद्वारा आयोजित साइकल र्‍याली – भक्तपुर






प्रतिनिधि सभाका सदस्य माननीय दिपक बहादुर सिंहद्वारा निर्माणाधीन श्री जगद्गुरुत्तम मन्दिरको दर्शन एवं अवलोकन – हेटौंडा, मकवानपुर




विद्यार्थीवर्गद्वारा निर्माणाधीन श्री जगद्गुरुत्तम मन्दिर, हेटौंडाको दर्शन एवं अवलोकन – हेटौंडा, मकवानपुर




डिभाइन युथ क्लब नेपाल, जाजरकोटद्वारा आयोजित एक दिवसीय आध्यात्मिक भ्रमण एवं साधना कार्यक्रम – जाजरकोट

कृपालु उद्यान, पाशुपतक्षेत्र, वनकाली, काठमाण्डौ

## श्री राधा माधव समिति – श्रीकृष्णजन्माष्टमी महोत्सव




श्री राधा माधव समिति – दमक, झापा




श्री राधा माधव समिति – घोराही, दाङ




श्री राधा माधव समिति – तम्घास, गुल्मी




श्री राधा माधव समिति – लेखनाथ, कास्की




श्यामा श्याम सत्संग, रामबजार, पोखरा




श्री राधा माधव समिति – पुतलीबजार, स्याङ्जा




श्री राधा माधव समिति – तुलसीपुर, दाङ




श्री राधा माधव समिति – तानसेन, पाल्पा





श्री राधा माधव समिति – नेपालगञ्ज, बाँके





श्री राधा माधव समिति – भरतपुर, चितवन





श्री राधा माधव समिति – गाइघाट, उदयपुर



श्री राधा माधव समिति – वालिङ, स्याङ्जा



श्री राधा माधव समिति – धनगढी, कैलाली

